# झुलेनी पोष्ट

www.jhulenipost.com

साप्ताहिक

वर्ष ९, अंक ३, २०७९ श्रावण १७ मंगलवार (Jhuleni Post Weekly) 02 Aug. 2022 पृष्ठ ८, मुल्य रु. २०



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, बिजुवार

Email : jhulenipyuthan@gmail.com


## प्यूठान छिर्यो मदन भण्डारी राजमार्ग

### सौतामारे-मच्छि खण्ड, कालोपत्रेको लागि टेन्डर, स्थानीय उत्साहित



झुलेनी पोष्ट
प्यूठान

साँघुरो सडकमा यात्रा गर्दै आएका उत्तरी प्यूठानबासी मदन भण्डारी राजमार्ग बन्ने भनेपछि उत्साहित छन् । मदन भण्डारी राजमार्ग अन्तर्गत पर्ने गुल्मीको सिमलटारी देखि प्यूठानको मच्छिसम्मको सडक कालोपत्रे गर्ने भनेर टेन्डर निस्केको छ । गुल्मीको मदाने गाउँपालिका स्थित सिमलटारी हुँदै प्यूठानको झिमरुक गाउँपालिकाको सौतामारे देखि मच्छि बजारसम्मको ३१ दशमलव ८ किलोमिटर सडक कालोपत्रे गर्न भर्खरै टेन्डर निक्केको छ। मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय ललितपुरले उक्त सडक कालोपत्रेगर्नका लागि एक अर्ब ९२ करोड रुपैयाँ बराबरको बोलपत्र आव्हानको सूचना प्रकाशित गरिसकेको छ । योजना अन्तर्गत सात मिटरको दुईतर्फी सडक निर्माण हुने निर्देशनालयका निर्देशक अशोक तिवारीले जानकारी गराए । 'यो बहुवर्षिय योजना हो', तिवारीले भने, 'तीन वर्षभित्र उक्त आयोजना पुरा गर्ने लक्ष्य छ ।' वर्षौ अघिदेखि चर्चामा रहे पनि सडक निर्माणको कामले गति नलिएपछि यस क्षेत्रका स्थानीयले सडक बन्नेमा ढुक्क थिएनन् । तर, टेण्डरको सूचना प्रकाशन भइसकेपछि स्थानीयमा आशा जागेको हो ।

गुल्मीका सांसद् एवं पूर्वमन्त्री प्रदिप ज्ञवाली, गोकर्ण विष्ट, अर्घाखाँचीका सांसद् एवं पूर्व मन्त्री टोप बहादुर रायमाझी र प्यूठान सौतामारे निवासी एमाले नेता सूर्य थापाको विशेष पहलमा दुवै जिल्लालाई समेट्ने गरी सडक निर्माण गर्ने सहमतीपछि योजनाले गति लिएको हो । यस सडक निर्माणपछि प्यूठान, गुल्मी र अर्घाखाँचीको चहलपहलमा थप बृद्धि हुने झिमरुक गाउँपालिका वडा नम्बर १ का अध्यक्ष धुर्वराज खनालले बताए । 'तीन जिल्लामा रहेका पर्यटकीय स्थलहरुको समेत प्रवर्द्धनमा यसले टेवा पुग्ने छ', उनले भने, 'ग्रामीण अर्थतन्त्रको विकासमा मदन भण्डारी राजमार्ग कोशेढुंगा सावित हुने आशा गरिएको छ ।' सडक क्षेत्रमा पर्ने घर टहराहरुलाई मापदण्ड अनुसार मुआब्जा दिने आयोजनाले जनाएको छ। आयोजनाले माग गरे अनुसार सडक क्षेत्रमा पर्ने घर टहरा र जग्गाको क्षेत्रफलको विवरण पठाइएको झिमरुक गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत शुवास रिजालले जानकारी दिए ।

यही सडको अर्को रुट अन्तर्गत सन्धिखर्क–भण्डार–रतनमारे–गोखुंगा सडक अन्तर्गत २७ दशमलव २६ किलोमिटर सडक कालोपत्रे हुने छ । यस रुटका लागि एक अरब ७२ करोड बजेट विनियोजन भएको छ । गोखुंगा हुँदै गएको सडक र सौतामारे मच्छि हुँदै गएको अर्को सडक प्यूठान नगरपालिकाको मरन्ठानामा पुगेर मिसिने छन ।

## जीवनको रङ्ग

## जाँगर भए रोजगारी गाउँमै भेटिन्छ

### च्याउखेति गर्ने पोखेलले कमाउछिन दैनिक एक हजार

सुजता थापा क्षेत्री (भण्डारी)
झुलेनी पोष्ट, प्यूठान



पौरख गर्नको लागि धेरै टाढा जानु पर्दैन । घर वरिपरि आम्दानीका स्रोतहरु थुप्रै भेटिन्छन् । मल्लरानी गाउँपालिका ४ खलंगाकी ४१ वर्षीय सपना पोखेलले सबैलाई यो उदाहरण प्रस्तुत गरेकी छन् । उनको कुइनोभन्दा तल दुवै हात छैनन् । इच्छा शक्ति भएपछि शारिरिक रुपमा अशक्तताले केहि फरक नपार्ने उनी बताउछिन् ।

पोखेलले सपना च्याउ उद्योग नामक घरेलु उद्योग खोलेको ५ वर्ष भइसक्यो । उनी यसैमा रमाएकी छन् । उनले अरु सरह कमाई गरिहेकी छन् । शारिरीक अपांगता भएका व्यक्ति कमजोर छैनन् भन्ने यो बलियो उदारण बनेकी छन् । उनी जन्मजात शारिरिक रुपमा अशक्त महिला हुन् । जाडो समयमा ४५ दिनमा तयार हुने कन्य जातको च्याउले गर्मीको मौसममा महिना भित्रै उत्पादन दिने गर्दछ । यो बिक्री गरेर उनले दैनिक औसतमा १ हजार रुपैयाँ कमाउछिन् ।

नेपालगञ्ज तालिम केन्द्र खजुरा बाँकेबाट उनले च्याउ खेती सम्बन्धी १० दिने तालिम लिएपछि १० हजार लगानीमा च्याउ खेती सुरु गरेकी थिइन । च्याउ खेती सुरु गर्ने समयमा मल्लरानी गाउँपालिकाले सो खेती गर्नका लागि अनुदान स्वरुप एउटा टहरो निर्माण गरिदिएको बताइन् । यसका साथै सो तालिम केन्द्रले ३० हजार रुपैयाँ रकम अनुदान दिएको थियो ।

घरेलु तथा सानाउद्योग कार्यालय प्यूठानले १ लाख बराबरको पराल काट्ने मेसिन समेत अनुदान स्वरुप उपलब्ध

बाँकी ८ पेजमा

## हाम्रो नजर

## दुर्गममा स्वास्थ्य सेवा




*शनिबार बाहानेमा संचालित नि:शुल्क स्वास्थ्य शिविरबाट ३ सय ८० जना सेवाग्राहीले सेवा लिएका छन । जिल्लाको दुर्गम क्षेत्र मानीने क्षेत्रमा नि:शुल्क शिविरले धेरै स्थानीयले राहत पाएका छन् । नौबहिनी गाउँपालिका प्यूठानको आयोजनामा संचालित नि:शुल्क स्वास्थ्य शिविरबाट गाउँपालिका भित्रका ३ सय ८० जनाले सेवा लिएको पालिकाले जनाएको छ । शिविरमा आएका सेवाग्राहीलाई नि:शुल्क रुपमा स्वास्थ्य जाँच तथा निशुल्क औषधी वितरण सहित परामर्श दिइएको नौबहिनी गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । सो अवसरमा नि:शुल्क रुपमा ल्याव सेवा समेत दिइएको थियो । शिविरमा दन्त सेवा, महिलाको पाठेघरको समस्या, स्तन सम्बन्धी सेवा, खुट्टा दुख्ने, सुन्निने, ढाड दुख्ने लगायतका समस्या भएका बिरामीले सेवा लिएका थिए । शिविरमा डा. अनिल बस्नेत, फार्मेसिस्ट निर्मल बुढाथोकी, ल्याव टेक्निसियन प्रतिभा डाँगी, कमला डाँगी, दन्त चिकित्सक चुडामणि शर्मा, महिला सम्बन्धी समस्या कमला कुवर लगायत स्वास्थ्य कर्मीले सेवा दिएका थिए । नौबहिनी गाउँपालिका, समृद्धि सेवा समाज र लमजुङ गोर्खा तनहु सेवा समाजको आयोजना तथा नौबहिनी फार्मेसि एण्ड हेल्थ क्लिनिकको समन्वयमा शिविर संचालन भएको हो ।*

## किन बढाउन पर्‍यो कर ?



*निर्वाचन भएर नयाँ जनप्रतिनिधि आएको पहिलो वर्षमै प्यूठान नगरपालिकाले करको दायरा बढाएको छ । यसको चौतर्फी बिरोध पनि आउन थालेको छ । नगरबासीले यस आर्थिक वर्ष २०७९/८० को कर बुझाएपछि सामाजिक सञ्जालमा नगरपालिका प्रति आक्रोस पोख्न थालेका छन । हँचुवाकोभरमा घरजग्गाको मूल्यांकन बढाएर कर दोब्बर बनाएको गुनासो आम नागरिकको छ । विकास निर्माण र सेवा सुविधामा कुनै सुधार गरेको देखिदैन । यस वर्ष ल्याएको निति तथा कार्यक्रम र बजेटमा विगत भन्दा कुनै फरक देखिदैन । तर, कर भने झण्डै दोब्बर बृद्धि गरेको छ ।*

*किन बढानु पर्‍यो कर ? भन्ने प्रश्नको उत्तर नगरपालिकाले नगरबासीलाई दिन सक्नुपर्छ । दिन पर्ने दायीत्व पनि हो । विशेष: गरेर प्यूठान नगरपालिका वडा नम्बर ४, ८, ९, २, ७ र ३ नम्बर वडाको बजार क्षेत्रमा बसोवास गर्ने करदाताले गत वर्षको तुलनामा दोब्बर कर बुझाउन पर्ने भएको छ । पहिले मालपोतले मूल्यांकन गरेको जग्गामा २० प्रतिशत छुट दिएर नगरपालिकाले घरजग्गाको मूल्यांकन गरेर कर लिने गरेको थियो । यसवर्ष छुट दिने व्यवस्था हटाइएको छ । गत वर्षसम्म प्रति स्क्वाएर फुट ८ सय रुपैयाँबाट १ हजार २ सय रुपैयाँ मूल्यांकन बनाइएको छ ।*

झुलेनी पोष्ट

सम्पादकीय....


## गाई भैसी पाल्ने किसानलाई प्रोत्साहन गरौं ।

असारमा खेती गरेर थकान भएको शरिरलाई शक्ति दिन साउन १५ गते खीर खाई स्वास्थ्य तथा तन्दुरुस्त बनाउने भन्दै खीर खाने चलन छ । साउन १५ गते खीर खाने दिनलाई नै सरकारले खीर दिवसको रुपमा मनाउन थालेको वर्षौं भइसकेको छ । असारभरि पानी र हिलोमा खेल्दा सर्दी लाग्ने र तातो खीर खाँदा सर्दीबाट जोगिने विश्वास पनि रहेको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको राष्ट्रिय दुग्ध विकास बोर्डले "पोसिलो खीर, स्वस्थ शरीर" मूल नाराका साथ यो खीर दिवस बनायो । खीर खाने दिन दूधको जोहोमा सबैजना व्यस्त देखिन्थे । साउन १५ गतेको बिहान दूध नपाइएला भनेर अघिल्लै दिनदेखि दूधको जोहो गरेर राखेर पनि धेरैले खीर खाए । साउन १५ गते खीर खाने दिन अघि पछिको तुलनामा झन्डै ५ गुणा बढी दूध खपत हुनेको गरेको डेरी सञ्चालकहरु बताउछन् । खीर एक स्वस्थ्यकर पौष्टिक खाद्य पदार्थ भएकोले यसबाट मानव शरीरलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्वहरू पनि प्राप्त हुने हुनाले खीर उपयोगी सिद्ध हुने गरेको हो ।

दूधमा चिल्लो पदार्थ, प्रोटिन, कार्बोहाइड्रेड, खनिज पदार्थ र भिटामिन जस्ता शरीरलाई चाहिने अति आवश्यक तत्वहरू पाइने हुनाले दूध एक सम्पूर्ण खाद्य पदार्थ रहेको छ, जसले खीरको महत्व बढाएको छ । दूधमा हुने ३.० प्रतिशत चिल्लो, ४.७ प्रतिशत ल्याकटोज र ३.५ प्रतिशत प्रोटिनको गणना गर्दा प्रति १०० ग्राम प्रशोधित दूधबाट करिब ६० क्यालोरी शक्ति प्राप्त हुने गरेको बताइन्छ । एकजना स्वस्थ व्यक्तिलाई प्रतिदिन दुई हजार १०८ क्यालोरी शक्तिको आवश्यक पर्छ । साधारणतया १०० ग्राम खीरले ९२ क्यालोरी शक्ति प्रदान हुन्छ । तेसैले गाइ भैसी पाल्ने किसानलाइ पोत्सहान गरौ । पोसीलो खीर सबैले खान पुग्ने गरि दूध उत्पादनमा जोड गरौ ।

# महिलामाथिको अस्वीकार्य बन्देज



झलक सुवेदी

***महिला शरीर र यौनिकता तथा उसको स्वतन्त्र व्यक्तित्वमाथिको यो बन्देज ढिलोचाँडो भत्किनेछ, तर त्यसअघि हामीकहाँको राजनीतिक नेतृत्वको दिमागमा लागेको पितृसत्ताको खिया घोटेर फाल्नुपर्नेछ ।***

मेरी उनीलाई मुद्दती खातामा आफ्नी श्रीमतीका नाममा रकम जम्मा गरिदिनुहोस् र उनको अनुहारमा कहिल्यै नदेखिएको खुसी अनुभव गर्नुहोस् ।' रकम जम्मा गर्न महिलाहरूलाई आकर्षित गर्ने योजनाबारेको एउटा बैंकको विज्ञापनको मोटो सन्देश यस्तै छ। त्यसका लागि बनाइएको विज्ञापन टेलिभिजन, एफएम र रेडियोहरू, अनलाइनहरू, युट्युब, फेसबुक जताततै बज्छ, देखिन्छ। विज्ञापनमा एउटा युवा लोग्ने घरमा प्रवेश गर्छ, पत्नी यसै मानिसहरूमा बचत गर्ने बानी बसाल्नु राम्रै हो, व्यावसायिक दृष्टिले। यस्सो हेर्दा कुरा त राम्रो हो; पतिपत्नी खुसी हुनु, आर्थिक भविष्य पनि सुरक्षित पार्दै जानु ! तर यो विज्ञापन हेर्दा मेरो मनमा भने केही जिज्ञासा उब्जिरहन्छन्। विज्ञापनमा पुरुषले कमाउने, महिला घरमा बस्ने, महिलाका लागि पनि पुरुषले बचत गरिदिने र यसो गर्दा परिवार खुसी हुने सन्देश दिइएको छ। हाम्रो समाजको मनोविज्ञान निर्माण गर्ने यस्ता विज्ञापनहरूले कस्तो पुरुष र महिलालाई आदर्श मान्छन् भन्ने देखाउने एउटा उदाहरण हो यो।

यो विज्ञापनले महिलालाई पराश्रित वर्गका रूपमा देखाउँछ। उसको स्वतन्त्र व्यक्तित्व या अस्तित्व अस्वीकार गर्छ। पुरुष घरबाहिर जान्छ र कमाउँछ, महिला घर बस्छे र लोग्नेको कमाइले घर बैंकका प्रमुख कार्यकारी पदमा महिलाहरू कार्यरत छन्। तिनले यस्तो विज्ञापनलाई कसरी हेर्दा हुन् ? तिनीहरूको कमाई तिनीहरूका पतिको भन्दा बढी हुन सक्छ। तिनले पतिहरूका नाममा बैंक खाता खोलेर पतिको प्रेम र आलिंगन खरिद गर्ने पनि योजना बनाएर विज्ञापन गर्ने प्रस्ताव राखे




ठुस्किए जस्ती देखिन्छे। पुरुष गीत गाउँदै प्रेमप्रस्ताव गर्न सिनेम्याटिक शैलीमा घुँडा मार्छ, आशिकले आफूले मन पराएकी यौवनाको हातमा चुम्बन गरेर प्रेमप्रस्तावका रूपमा गुलाफको फूल टर्क्याएको जस्तो गरेर पाँच लाख रुपैयाँ बैंकमा जम्मा गरिदिएको प्रमाणपत्र दिन्छ। एक छिन अघिसम्म ठुस्किएकी पत्नी औधी खुसी देखिन्छे र पतिको छातीमा टाँसिन पुग्छे। विज्ञापनमा त्यसपछि पत्नीहरूलाई आर्थिक रूपले समृद्ध बनाउन सबैका लोग्नेहरूले यस्तो खाता खोलिदिऊन् भन्ने सन्देश दिने प्रयास गरिएको छ। जीवनसाथी कस्तो ? बैंकको विज्ञापनमा आउने पुरुष जस्तो कमाउने र महिलाजस्तो पैसा पाएपछि रमाउने !

बैंकका लागि यस्तो विज्ञापनका माध्यमबाट ग्राहकहरूलाई आकर्षित गर्नु, चलाउँछे। पैसा कमाउन र श्रीमतीका नाममा जम्मा गरिदिन सक्ने पुरुष आदर्श पुरुष हो। घर पुरुषको, कमाइ पुरुषको, ऊ आफ्नो आयस्ताबाट अलिकति रकम पत्नीलाई दिन्छ र उसको अनुहारको हाँसो, मुस्कान या खुसी किन्छ। पत्नी पैसा पाएकोमा दंग पर्छे र आफूलाई पतिको काखमा समर्पित गर्छे। यसरी रकम जम्मा गरिदिन नसक्ने पुरुषले पत्नीलाई खुसी पार्न सक्दैन। जब पत्नी खुसी हुन्न, परिवार पनि खुसी रहँदैन। समाजका पुरुष र महिला दुवैमा यसले एउटा मनोविज्ञान निर्माण गर्छ, जसलाई हाम्रो पितृसत्तात्मक समाजले पहिलेदेखि नै संस्कारका रूपमा लालनपालन गरेको छ। घर र पत्नी पतिका परिश्रमबाट चल्ने, पतिको नियन्त्रणका वस्तु हुन्। पति पहिलो दर्जाका हुन्छन्, पत्नी दोस्रो। जबकि नेपालमा केही पुरुषहरू के सोच्दा हुन् ?

विज्ञापनको यो सन्देशले महिलाहरूलाई घरबाट सार्वजनिक जीवनमा निस्केर आफ्नै योग्यताबाट कमाई गर्ने, घरपरिवार चलाउने, समाज र संस्थाहरू हाँक्ने ल्याकतसहितका अलग व्यक्तित्वका रूपमा स्वीकार गर्दैन। उक्त विज्ञापनमा मोडलिङ गर्ने महिला स्वयं कलाकारका रूपमा अलग पहिचान र आफ्नो जीवन आफैं चलाउन सक्ने गरी कमाई-धमाई गर्ने व्यक्तित्व हुन सक्छिन्। महिलाहरू कोभन्दा को कम भन्दै सार्वजनिक जीवनमा प्रतिस्पर्धामा उत्रेर पुरुषको अधीनस्थ बस्ने होइन कि पुरुषसरह बन्ने, घर भित्र र बाहिर आफ्ना लागि पुरुषसमानको स्थान र सम्मान खोज्ने हकदार हुन्; अहिले सर्वत्र त्यसका

बाँकी ३ पेजमा

## सडक डिभिजन कार्यालय जसपुर प्यूठानको सुचना

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।
२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।
३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्री यथाशिघ्र हटाऔं ।
४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिए मर्मत संभार गरौं, कार्यालयलाई खबर गरौं ।
५) सडक आसपास क्षेत्रमा ढुंगा, बालुवा, गिट्टी, ननिकालौं।
६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।
७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

विस्तृत जानकारीका लागि सडक डिभिजन कार्यालय जस्पुरमा सम्पर्क गरौं ।

अनुरोधक :
सडक डिभिजन कार्यालय जसपुर, प्यूठान ।

# हरिया चुरा र साउनः धार्मिक प्रचलन र वैज्ञानिक विशेषताको तालमेल



चिन्तामणी रेग्मी

हाम्रो नेपाली समाज विभिन्न भेषभुषा, भाषा, कला र संस्कृतीमा धनि मानिन्छ । प्राचिनकालदेखी नै यहाँ विभिन्न प्रकारका सामाजिक सांस्कृतिक परम्पराहरु निरन्तररुपमा चल्दै आईराखेका छन भने कतिपय संस्कृतिहरु एकापसमा अन्तरघुलन भएर तथा समयक्रम संगसँगै विस्तारै अन्य संस्कृतिको प्रभाव स्वरुप पुराना संस्कृति लोप हुँदै जाने र नयाँ संस्कृतिहरु उदय हुने क्रम पनि जारी छ । हरेक चाडपर्वहरु प्रत्येक वर्ष उस्तै मौसम अनि उस्तै समय र परिवेश बोकेर हरेक वर्ष फेरीएका क्यालेण्डरका पानाहरुसँगै पुनरागमन हुने गर्दछन् । यस्तै सांस्कृतिक परम्पराहरुमध्ये केहि समय अघिदेखीमात्र शुरु भएको र पछिल्लो समयमा नेपाली महिलाहरुमाझ निकै लोकप्रिय रहेको एक सस्कृति हो साउन महिनामा हरिया चुरा लगाउने प्रचलन ।

विश्वमा चुरा लगाउने प्रचलनको विकासक्रम हेर्दा यसको शुरुवात सर्वप्रथम इजिप्टबाट भएको पाइन्छ । नेपालमा भने यसको प्रचलन पृथ्वीनारायण शाहको पालादेखी शुरुवात भएको बुझिन्छ । पुजाको समयमा गोरखकालीलाई चुरा चढाउनुपर्ने प्रसंग पृथ्वीनारायण शाहको जिवनीमा पढन पाइन्छ । पृथ्वीनारायण शाह गोरखकालीका भक्त थिए । एकदिन गोरखकाली सपनामा प्रकट भएर पृथ्वीनारायण शाहलाई भनिन– ‘तिम्रो पुजाआजाबाट म प्रशन्न छु । तर तिम्रो पुजाआजा पूर्ण भने छैन किनभने मलाई पूजा गर्दा चुरा र धागो चढाउनुपर्छ । त्यसपछि पृथ्वीनारायण आफ्नो ससुराली बनारस गएको बेलामा चार घर चुरा र धागोको व्यापार गर्ने मुस्लिम समुदायका मानिस ल्याएर गोरखा बजार नजिकै रहेको ताप्ले भन्ने गाँउमा बस्ती बसाली चुरा र धागो उपलब्ध गराएको भन्ने उल्लेख छ ।

चुरा श्रृंगारको प्रतिक हो । चुराको छनछन बज्ने आवाज साच्चिकै निकै मधुर हुने गर्दछ र यसले सबैलाई मन्त्रमुग्ध बनाउछ पनि । भनिन्छ जुन घरमा महिलाको हातमा चुरा बज्दछन, त्यो घर लक्षिणको हुन्छ । जुन घरमा चुरा बज्दैन त्यो घर शमशान समान हुन्छ । चुरालाई सुरक्षा कवजको रुपमा पनि लिइन्छ । प्राय गाडीहरुमा चुराको माला बनाएर झुण्डयाइएको हुन्छ भने नारीको हातको चुरा बजेमा भुतप्रेत पनि भाग्ने विश्वास गरीन्छ । आधुनिक युगमा चुरा श्रृंगारको रुपमा नारीहरुले लगाउने प्रचलन बढदै गएतापनि हाम्रो संस्कृति र कुनै धार्मिक ग्रन्थहरुमा हरिया चुरा साउन महिनामा नै लगाउनुपर्ने कारण कहिकतै उल्लेख गरिएको भेटिदैन । श्रावण महिना शिवजीको महिना हो र धार्मिक हिसाबले हेर्दा पुजाआजामा पहेलो र रातो रङ्ग शुभ मानिन्छ । तर हरियो रङ्ग प्रचलनमा किन आयो यो कुरा शास्त्रले बताउन सकेको छैन।

साउन महिना बर्षा, प्रेम र झरीको संगम हो । यो महिना प्राकृतिक रुपले नै हरियो हुन्छ र हरियाली प्रकृतिको महिनाको भनेर पनि चिनीन्छ । वनजंगल, भिरपाखा, लेकबेंशी र खेतबारी चारैतिर हरियाली हुन्छ साउन महिनामा । गाउघरतिर साउनलाई खेतीपाती सकेर सफासुग्गर हुने महिनाको रुपमा लिइन्छ । वर्षातको समयमा हिलोमैलोमा काम गरिसकेपछि कामको चटारोका कारण सरसफाई गर्न नभ्याएकाहरुले साउन महिनालाई नुहाई–धुहाई र सरसफाईको महिनाको रुपमा लिन्छन । यसैबिच हालैका केही वर्ष यता साउन महिनामा महिलाहरुले हरियो पहिरन र चुरापोते लगाउने प्रचलन बढेको छ । साउन महिना शुरु भएसँगै घरदेखी शहरबजार सबैतिर महिलाहरुको शरीर हरियो साडी, कुर्ता, सुरुवाल तथा गला हरियो पोतेले सजिएको हुन्छ भने हातहरु हरिया चुरा र मेहन्दीले सजिसजाउ भएका हुन्छन । अझ कतिपयले त नङ पालिस समेत हरियो रङ्गको प्रयोग गर्ने गरेको पाइन्छ । हरियो चुरा, पोते, साडी अनि मेहन्दीले साउनको रौनक झनै व्यापक बनाउछ ।

यदि कुनै महिलाले हरियो चुराको साथमा छेउमा रातो चुरा लगाएको भए ति महिला विवाहित भएको बुझ्नुपर्दछ, हरियो चुरासँग पहेलो चुरा लगाएको भए ति महिला कसैसँग प्रेममा रहेछिन भन्ने बुझ्नुपर्दछ । त्यसैगरी यदि कुनै महिलाले हातमा हरियो चुरामात्र लगाएकिछिन भने ति महिला असल सहयात्रीको खोजिमा रहेछिन भन्नेकुरा बुझ्नुपर्दछ । यसरी हेर्दा हातमा लगाएको चुराको रङ्गको अर्थ सडकको ट्राफिक संकेत गर्ने बत्तिको जस्तै देखिन जान्छ । पहेलो बत्तिपछि रातो बत्ति बल्नुः प्रेम सम्बन्धपछि विवाह हुनुः हातमा पहेलो चुरापछि रातो चुराको पालो आउनु कताकता मेल खाएजस्तो लाग्ने ।

शास्त्रमा साउन महिनालाई महिलाहरुको शक्तिको महिना मानिएको छ । साउन महिनाको हरियो रङ्ग हाम्रो धर्ममा उर्वर शक्तिका रुपमा मानिने गरेको छ। साउन महिनामा भएको प्रकृति परिवर्तनले हाम्रो हर्मोन नै परिवर्तन गरिदिने गर्दछ जसको प्रभाव हाम्रो शरीर तथा मनमा परेको हुन्छ । जसले शरीरमा जोश, जागर र काममा भावना दिन्छ । ज्योतिष शास्त्र अनुसार साउनमा हरियो रङ्ग बुधबाट प्रभावित हुने गर्दछ। त्यसैले बुधबाट प्रभावित हुने हरियो चुराले हाम्रो भावना नियन्त्रण गर्ने काम गर्दछ । त्यसैले साउनमा मेहन्दी लगाउने बैज्ञानिक कारण पनि मानिन्छ । विशेषज्ञले हरियो रङ्गलाई शितलता र स्फुर्ति प्रदान गर्ने रङ्ग भनेका छन्, साथै यो रङ्गले हाम्रो आँखालाई पनि फाइदा पुर्याउछ ।

पौराणिक मान्यता अनुसार साउन महिना देवताहरुका पनि देवता अर्थात शिवको महिनाको रुपमा लिइन्छ । पार्वतिले साउन महिनाभरी निराहार कठोर व्रत बसेर शिवलाई प्राप्त गरेकि हुनाले भगवान शिवलाई यो महिना विशेष हुन गयो भन्ने मान्यता छ । हुनत शिवको पुजाआजा बालाचतुर्दशी–मंसिर, माघे संक्रान्ति–माघ, शिवरात्री–फाल्गुन, अक्षय तृतीया–बैशाखजस्ता अरु महिनमा पनि विषेश रुपमा हुन्छ । यद्यपी महिनाभरी शिवको पूजा हुने महिना भने साउन मात्र हो । शास्त्रमा बताए अनुसार धान रोप्नु, साउने सक्रान्तिमा लुतो फाल्नु, साउने सोमबारका दिन व्रत बस्नु आदि सबै कार्य पनि यसै महिनामा गरिन्छ ।

सोमबार श्रीमानको सु–स्वास्थ र दिर्घायुका लागि व्रत बस्ने गरीन्छ भने साउने सोमबार बिद्याका लागि पनि राम्रो मानिन्छ । शिवजीको पूजा आराधना गर्दा असल श्रीमान प्राप्त हुने, व्यापार राम्रो हुने, किसानको खेतीपाती सप्रने विश्वास गरीन्छ । त्यस्तै साउनमा वर्षा धेरै हुने, झरी पर्ने र किटाणुको संक्रमण हुने हुँदा लुतो फाल्ने पनि चलन छ । यो समयमा रोगहरु लाग्ने बढी संभावना भएकोले माछा, मासु, लसुन एवं उत्तेजित हुने खाना खानु हुँदैन । पहिले महिलाहरु साउनमा आफूसँग भएका लुगा गहना सफागरी लगाई सजिने र सोमबार चोखो खाएर व्रत बस्ने चलन थियो । पछि क्रमश भारतिय टेलिभिजन, चलचित्र, संस्कृति आदिको प्रभावले गर्दा यो संस्कारको रुपमा विकास हुदै गई हालको स्थितीमा आइपुगेको पाइन्छ ।

अहिले यो संस्कृतिले विस्तारै फेशनको स्वरुप ग्रहण गर्दै गइराखेको आरोप पनि लाग्न थालेको छ । ब्वाईफ्रेण्डले गर्लफ्रेण्डलाई उपहारको रुपमा मेहन्दी, चुरा, कपडा दिने, गर्लफ्रेण्डले पनि हातमा मेहेन्दीले ब्वाईफ्रेण्डको नाम बनाउने कार्य पनि यदाकदा भए गरेको पाइन्छ । कतै मैले सुनेको थिए । यदि कुनै महिलाले हरियो चुराको साथमा छेउमा रातो चुरा लगाएको भए ति महिला विवाहित भएको बुझ्नुपर्दछ, हरियो चुरासँग पहेलो चुरा लगाएको भए ति महिला कसैसँग प्रेममा रहेछिन भन्ने बुझ्नुपर्दछ । त्यसैगरी यदि कुनै महिलाले हातमा हरियो चुरामात्र लगाएकिछिन भने ति महिला असल सहयात्रीको खोजिमा रहेछिन भन्नेकुरा बुझ्नुपर्दछ । यसरी हेर्दा हातमा लगाएको चुराको रङ्गको अर्थ सडकको ट्राफिक संकेत गर्ने बत्तिको जस्तै देखिन जान्छ । पहेलो बत्तिपछि रातो बत्ति बल्नुः प्रेम सम्बन्धपछि विवाह हुनुः हातमा पहेलो चुरापछि रातो चुराको पालो आउनु कताकता मेल खाएजस्तो लाग्ने ।

यसप्रकार यो हरियो चुरा लगाउने पर्व हाम्रो परम्परागत रितिरिवाज नभएको तथा कुनैपनि धार्मिक ग्रन्थमा यसको चर्चा नगरिएको भएतापनि साउन महिना खेतिपाती सकेर सफा सुग्घर हुने महिनाको रुपमा रहनुले महिलाले लगाउने सफा र नँया पोषाकको प्रयोग गर्नु, प्रकृति र पोषाकको तालमेल पनि निकै चाखलाग्दो हुनु, पार्वतीले साउन महिनामा नै व्रत बसेर शिवजीलाई प्राप्त गरेको हुनाले त्यस्तै अभिलाषा बोकेर सोमबार व्रत बसी पति नभएकाले असल पतिको चाहना र पति भएकाहरुले पतिको स्वास्थ एवं दिर्घायुको कामना गर्नु साथै कृष्ण राधाले रसलिला रचाएको महिना पनि साउन नै भएको हुनाले यो महिना प्रेम र सुन्दरताको महिनाको रुपमा रहनुजस्ता कारणहरुले यो सस्कार नयाँ भएतापनि यसले छुट्टै महत्व बोकेको छ । केहि धार्मिक रहस्यका साथसाथै वैज्ञानिक पाटोबाट नियाल्दा पनि यसको आफ्नै विशेषता बोकेको कारणले गर्दा नै यस कार्यले छोटो समयमा नै एउटा विशेष पर्वको रुपमा लोकप्रियता हासिल

## महिलामाथिको...

लागि संघर्षरत महिलाहरू उपस्थित छन् । पुँजीवादी विकासले सामाजिक उत्पादन शक्तिलाई विस्तार गर्न महिलाहरूलाई घरबाहिर तानेर ल्याउने गरेको छ । पुरुषको कमाइले मात्र या महिलाको कमाइले मात्र सामूहिक परिवार चलाउन नसक्ने मध्यम वर्ग अहिले सामाजिक वर्गमा सबैभन्दा ठूलो संख्यामा छ । तर विज्ञापनमा यसलाई पूरै बेवास्ता गरिएको छ ।

सरासर महिलालाई अधीनस्थ राख्ने गरी ल्याइएको यो विज्ञापन अहिले सम्झनामा आएको भने नेपालको नागरिकता सम्बन्धी कानुनमा हालै गरिएको संशोधन र त्यसमा महिलालाई विभेद हुने गरी थोपरिएको व्यवस्थाका कारणले हो । जसरी घरभित्र पत्नीमाथि पतिको नियन्त्रण हुन्छ, त्यसरी नै देशका समग्र महिलाहरूमाथि पुरुषहरूको नियन्त्रण हुनुपर्छ भन्ने मान्यता अहिलेको नागरिकता सम्बन्धी कानुनले राख्छ । देश पुरुषको हो । पुरुषको खटनपटनमा चलेसम्म महिलाहरू यहाँ बस्न योग्य हुन्छन् अन्यथा तिनले देश दाबी गर्न पाउन्न । पुरुषले विदेशी महिलासँग वैवाहिक सम्बन्ध राख्न र उसबाट जन्मेका सन्तानलाई नेपाली नागरिकता दिन सहजै पाउँछ । तर, महिलाले विदेशी पुरुषसँग बिहे गरेपछि सक्कियो, उसको लोग्ने यता आएर नागरिकता पनि पाउँदैन, उसबाट जन्मेका सन्तानले बाउका बारेमा थाहा छैन भनेपछि मात्र नेपालमा नागरिकता पाउँछ; त्यो पनि जन्मेदेखि नै नेपालमा बसेको हुनुपर्छ । आमाका नाममा वंशजका आधारमा नेपाली नागरिकता छ तर विदेशीसँग बिहे गरेकाले उसका सन्तानले वंशजको नागरिकता पाउन सक्दैनन् । पुरुषका हकमा भने यो लागू हुँदैन, उसले कुनै विदेशी महिलाबाट सन्तान प्राप्त गरी नेपाल ल्यायो भने पनि सहजै वंशजका आधारमा आफ्ना सन्तानलाई नागरिकता दिन सक्छ ।

महिलालाई अधीनस्थ राख्ने यो अपमानजनक नागरिकता सम्बन्धी कानुन हाम्रो संसद्ले पास गरेको हो । झिनोमसिनो रूपमा यसका विपक्षमा स्वर उठाइएको भए पनि त्यसलाई सरकार र संसद्ले सुनेनन् । यस्तो कानुन बनाउनमा संसद्मा रहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एमाले लगायतका सबै दलका महिला–पुरुष जिम्मेवार छन् । वामपन्थी र उदारवादी सबै सहमत छन् । राजनीतिक वृत्तभित्र यसमा विमति देखिएको चाहिँ नेपाली पुरुषसँग बिहे गर्ने महिलाले बिहेलगत्तै उताको नागरिकता त्यागेपछि यताको नागरिकता पाउनेछन् भन्ने प्रावधानमा हो । यस्तो विरोध संविधानले महिला र पुरुषलाई समान मानेकाले नेपाली नागरिकसँग बिहे गर्ने विदेशी महिला या पुरुष दुवैको हकमा समान व्यवहार गरियोस् भन्ने मनसायले आएको छैन, बरु नेपालका धेरै पुरुषले भारतीय महिलासँग बिहे गर्छन् र त्यसरी आउने भारतीय महिला र तिनका सन्तानले नेपाल ढाकेर नेपाललाई सिक्किम या फिजी बनाउँछन् भन्ने काल्पनिकीमा आधारित छ । जबकि नेपालमा नागरिकता वितरण हुन थालेको ७० वर्षयताको इतिहासले यसलाई स्वतः खण्डन गर्छ ।

यता नागरिकता सम्बन्धी यो व्यवस्थाले नेपालमै जन्मेहुर्केकी कुनै महिलाले नेपाली पुरुषबाट जन्माएको सन्तान बाबुको पहिचानबिना नेपाली नागरिक बन्न लोग्ने या बाबु पत्ता नलागेको घोषणा गर्नुपर्ने भनेको छ । अर्थात्, कुनै महिलाले आफ्नो गर्भाशयमा हुर्केको सन्तानको बाबु को हो भन्ने जानकारी छैन भन्ने बकपत्र जिल्ला प्रशासनमा दर्ज गरेपछि मात्र उसका सन्तानले वंशजका आधारमा नेपाली नागरिकता पाउँछन् । पुरुषका हकमा यो व्यवस्था छैन । यसरी पनि कानुनले महिलालाई पुरुष–अधीनस्थ बनाएको छ । जसरी घर पुरुषको हो, पत्नी पुरुषको अधीनस्थ हो भन्ने आम पितृसत्तात्मक व्यवस्था छ, त्यसरी नै नेपालको नागरिकता सम्बन्धी कानुनले देश पुरुषको हो, नेपाली पुरुषको अधीनस्थता स्वीकार नगर्ने महिला, नेपाली पुरुषसँग बिहे नगर्ने नेपालकै छोरी र उसका सन्तान नेपाली हुन सक्दैनन् भन्ने भाष्य स्थापित गरेको छ । पुरुषको लिंग र वीर्यलाई देश या राष्ट्रको जिनेटिक आधार मान्ने यो राष्ट्रवाद नेपालका कन्जर्भेटिभ, लिबरल र लेफ्ट भनिने तीनै थरी राजनीतिक शक्तिको वैचारिक स्रोत बनेको छ। विभेदलाई निरन्तरता दिने संविधान तीनै थरी शक्तिको साझा दस्तावेज हो र अहिलेको कानुन पनि सबैको साझा प्रतिबद्धता हो । पञ्चायतकालबाट स्थापित पहाडे राष्ट्रवादको भद्दा नक्कल गरिएको यो कानुन आफैँमा विभेदकारी सिद्धान्तमा आधारित छ ।

महिलाहरू घरभित्र पनि र बाहिर पनि स्वतन्त्र हुन सक्दैनन् भन्ने वैचारिकी ‘मेरी उनीलाई...’ विज्ञापनमा स्थापित गर्न खोजिएजस्तै वर्तमान नागरिकता सम्बन्धी कानुनले त्यसलाई थप जटिल बनाएर व्यवस्थापन गरेको छ । महिला शरीर र यौनिकता तथा उसको स्वतन्त्र व्यक्तित्वमाथिको यो बन्देज ढिलोचाँडो भत्किनेछ, तर त्यसअघि हामीकहाँको राजनीतिक नेतृत्वको दिमागमा लागेको पितृसत्ताको खिया घोटेर फाल्नुपर्नेछ ।

**कान्तिपूरबाट साभार**


## जनहितमा जारी सन्देश

- फोहोर छोएपछि, खाना खानु वा खुवाउनु अघि, चर्पी प्रयोग गरिसकेपछि साबुन पानीले हात धुने बानी बसालौं ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।
- घर भित्र र घर वरपर नियमित सरसफाई गरौं ।
- दिसा/पिसाब गर्दा चर्पी नै प्रयोग गरौं । खुल्ला ठाउँमा दिसा, पिसाब नगरौं ।
- कुहिने र नकुहिने फोहोर वर्गिकरण गरौं, २ छुट्टा छुट्टै भाँडामा संकलन गरौं ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोर जन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

अनुरोधक:
डिभिजन प्रमुख : राजकुमार चौधरी
खानेपानी तथा सरसफाई डिभिजन कार्यालय परिवार प्यूठान

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमुलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# कविता

## झिमरुक नदी र चिवेचराको कथा



बाल्यकालमा पद्य शैलीको कथा सुनेका थियौँ ।
शब्द लयको तालमा आफ्नो भेक गुनेका थियौँ ।
आफ्नो जन्मभुमीको वक्ष, भुजा र आँचल चियाएका थियौँ ।
प्राचीन किम्वदन्तीलाई वर्तमानमा नियाँलेका थियौँ ।

हरेक पुस्ताले सुनाउँदै आएको त्यहि प्राचीन कथा,
भनिन्थ्यो त्यसलाई झिमरुक नदी र चिवे चराको कथा ।
प्युठानी जनले सुन्नुभएको छ होला यस्तो कथा,
कथाले भनेजस्तै थियो थियन अज्ञान थियो सत्यता ।

तर कथाको नाम त मिलेन है या त मिलाईयन,
भोटो सिलाई पहिरेपछि धोँती चाँही सिलाईयन ।
या त दृष्टि नपुगेकै होला चेरनेटा भन्दा यता,
कथानाम सँगै शंका जन्मियो संस्कार एवं सभ्यता ।

झिमरुक र माडी नदी माथी ओहोरदोहोर गर्ने चिवे चरा,
यता र उताको खबर पुर्याउन उडी रहने चिवे चरा ।
दुई नदी र एक चराको कथामा माडीको नाम पर्यो वितरा,
शायद त्यही भयर त हैन कतै माडी सधै बिचरा ।

गौमाताको मुखबाट अञ्जली वृष्टि भयको हो रे,
झिमरुक नामकी गंगापुत्रीले यात्रा आरम्भ गरिन अरे ।
सुनकै खानीबाट धाँचा चिरेर उछीट्टीदैँ खहरे बनी,
बहिनी हुँ म माडी भन्दै दौडीएकी थिईन रे उनी ।

सेचन पर्खेका बालीबस्तीको तिर्खा नमेटी आँखा मिचोली,
निराश बनाउदै हताश हुँदै लुकेर गहिराइ मुनी छिचोली ।
मेरी दिदी कहाँ पुग्यौ तिमी भन्दै जङ्घार बनी,
फोड्दै पहाड तोड्दै पखान पुगीन पनाहा मुनी ।

झिमरुक दिदीलाई ज्ञात भएन बहिनी भेट्न आईरहेछिन,
गर्तन लुङ जुम्री र छापे अन्य स साना डोलाईरहेछिन ।
आफ्नो यात्रालाई सुस्त बनाउँदै टारी र फाँटलाई फेरो हाल्दै,
पखान पखेरा छलेर उर्वर माटो कता छ भनी नियाल्दै ।

छापे खोलाको सम्मीलनमा भलाकुसारी भएकै बेला
चिवे चराले सन्देश दियो दिदी तिमीलाई भयो अवेला
माडी बहिनी पुगीसकिन है ऐरावतीमा पर्खीरहेछिन
सुनेर सन्देश झिमरुकले पनि दौडेर जान कम्मर कसेछिन

दिदी बहिनीको क्षणिक भरमा मिलन भयो साथी बनेर,
अँगालो मारी सहयात्रा भयो नामसन्धिमा राप्ती भनेर ।
खुशी खुशीमा रात गुज्रीयो बिहानी भयो बेला काटेर,
बस्तीवालीको व्यग्र प्रतिक्षा बालुवा सँग माटो साटेर ।

साटेको माटो घुमाउरो बाटो नेपाली माटो भारत पुराए,
सागर भेट्न पुगेनन चेली विहार नपुगी कता हराए ।
दन्त्य कथा त यति नै थियो सत्य कथा अब शुरु हुन्छ,
हँसिलो अनुहार छ अझैसम्म तर वाचन गरिरहँदा मन रुन्छ ।

नामै छुटेको त हैन मर्का उल्टो र सुल्टो घुम्दो रहेछ चर्खा,
चेरनेटा काटी शुरु हुने प्युठान सकिने रहेछ काटेर अर्खा ।
त्यहि बिच मात्र रहेछ प्युठान नेताको यता पुगेन आँखा,
विकास निर्माण पहुँचबाट विमुख भयो माडीको पाखा ।

उषाको किरण ज्ञानको ज्योती चेतना सभ्यता एकातर्फ,
अँध्यारो छायाँ निभेको बत्ती कुहिरोले ढाक्यो अर्कातर्फ ।

चम्किलो अनुहार सुकिलो पहिरन प्युठानी भन्ने पहिचान बढाई,
दुईबाली धानले भरिने धन्सार पोषिलो घाँसले दुधको कुँडाई ।

धान फल्ने माटो किन खाने आटो दिनहुँ पाक्ने जडनको भात,
कोटका देवली फाँटका सराँय लेकका टुप्पा दलितको जात ।
पढेर शिक्षा धनिका छोरा मार्क्स लेनिनका चेला भतिजा,
क्रान्तीका नायक जन्मिए धेरै उडेर गए फिँजाई पखेटा ।

चाहार्दै बादल छिचोल्न सकेनन कुहिरो मुनी हराय काग,
एकताको सुत्र बलियो हुन्थ्यो तर खोजे आफ्नै अंशका भाग ।
चुत्राको घारी आकाशे टारी गहिरो माडी ढुंगेनी माटो,
स्वर्गको द्धार पुग्नलाई पनि हिड्नु नै पर्ने नर्क झैं बाटो ।

घैंटोमा पानी घैंटो मै अन्न बेताल मादल चैट र च्याट्ट,
लाहुरे आउँदा सिगरेट पिउने महिना बित्दा पातेबिँडी स्वाट्ट ।
सृष्टीको ठगी भयो प्रकृति उठेन फेरि शिक्षा संस्कृति,
दिनभरि खाने रातभरि नाच्ने सभ्यता बन्यो सारै विकृति ।

न्याय निसाफको गुलामी गर्न चेरनेटा काटी जानु नै पर्ने,
घिउको ठेकी र पाठो बोकेर जिम्मालको दलान धाउनु नै पर्ने ।
झनपछि झनै पछाडी पर्दै हेलाको ठेला गुड्दै पो थियो,
अङ्कुरित विज चेतनाको किरण डल्लो छलेर उठ्दै पो थियो ।

झिमरुकको पानी ड्याम बाट छानी पवित्र बनी माडीमा मिल्यो,
उज्यालो किरण ज्ञानको दृष्टि माडीले अन्धकार विस्तारै निल्यो ।
सुख समृद्धि हासिल गर्न लक्ष्यको झण्डा फहरायो यता,
रातपछि दिन अवश्य आउँछ जागरण शुरु भयो है यता ।

बहुत पढेका अनपढ जस्ता खुबै बुझेका अबुझ नेता,
प्रगति पथमा लम्कियो अब यताको सन्देश सुन है त्यता ।
खिया लागेको हँसियाले पनि काट्दैन साथी सुकेको रुख,
फुटेको गिलासमा राखेको दुध पुग्दैन अव हात र मुख ।

काँठ या फाँट जहाँ रहेनी समान दृष्टि नपुगेकै थियो,
माडीको क्षेत्र विभेदमा हेर्ने नैऋत्य कोण बनेकै थियो ।
झिमरुक नदी र चिवे चराको भेगीय अनि वर्गीय कथा,
कथाको झल्को उहि नै थियो थपियो केवल पिडा र व्यथा ।

ईतिहासको केवल स्मरण रहोस नदोहोरियोस फेरि अर्को कविता ।
रिसराग हैन खिसिटिउरी हैन नमिठो हुन्छ तितो सत्यता ।

**बसन्त जिसी (चिन्तन)**
*सरुमारानी २ ददेरी प्यूठान*

## पत्रकार कविता



पत्रकार महोदय,
राजा देखि रैती सम्म,
नेता देखि जनता सम्म,
धनी देखि गरिबसम्म,
विद्वान देखि मुर्खसम्म,
देश देखि बिदेशसम्म,
तिम्रो क्षमताले भ्याएसम्म
कलम चलाउँछौ तिमि ।

तिम्रो कलमको साहारामा
सत्ताको भर्याङ चढ्नेहरु,
तिम्रो कलमको साहारामा
नाम चलाउनेहरु देखि,
नाम गुमनाम बनाउनेहरु,
सबै यो देशका शत्रु हुन् ।

किन?हिसाब भएनन्,
गरिबका आशुको ।
किन? लेखेन तिम्रो कलमले
जनताका पिर र मर्काहरु,
तिम्रा एक गल्तीले आज
एक युग पछाडि परेको छ ।

अचेल तिम्रो समाचार भन्दा
कविका कविता पढ्छु म
कवितामा देशप्रेम भेट्छु ।
समाचारमा नछापिएका,
गरिबका दुख, पिर र मर्का,
कविताका हरफमा लेखिन्छन ।
तिम्रा समाचार क्षणिक हुन्छन्,
कविता युगौ जिवन्त रहन्छन् ।

तिम्रा समाचारमा,
नेताको चाकरी भेटिन्छ ।
सत्य तथ्यको घाटि रेटिन्छ ।
तिम्रा हातहरु बाधिएका छन् ।
तिम्रा मस्तिष्क बेचिएका छन् ।


तिमी स्वतन्त्र छैनौ अचेल,
तिम्रा समाचारहरु मेटिन्छन् ।
मन लाग्दी फेरी थपिन्छन् ।
तिम्रा अन्तर्वार्ताहरु,
लिनु पुर्व घोकिन्छन् ।

तिमी पत्रकारको नाममा,
धन्दा गरिरहेछौ अचेल,
तिम्रो धन्दामा भन्दा,
वेश्यालयमा शरीर बेच्नेहरुमा,
नैतिकता देख्छु म
त्यहाँ यौन बिक्छ,
बिग्दैन विचार ।

कविता सत्य लाग्छन् ।
तिमी पर्दा अगाडि छौ
दुर्भाग्य,
तिमी देशको चौथो अंग
साहित्य तिम्रो पछाडी कसरी ?

**किरण पोखेल (एक बसन्त)**
*सरुमारानी २, दर्मान प्यूठान*

## मुक्तक



मुक्तक १
जिन्दगीमा आँधी हुरी चलेपछि हो ।
मलाई आफ्नै नियतिले छलेपछि हो ।
मैले जाँड रक्सीको नशा गर्न थालेको
बन्दै गरेको सपनाको घर ढलेपछि हो ।
मुक्तक २
पुगेन दिमाग अतिखेर पछुतो लाग्छ ।
त्यो विगतलाई सम्झेर,पछुतो लाग्छ ।
न जागिर छ अचेल न श्रीमती छ मेरो,
पढ्ने उमेरमा बिहे गरेर पछुतो लाग्छ ।
मुक्तक ३
पसिना बेचिन्छ खुशीको खानी सकिन्छ ।
अर्कैको गुलामीमा साँझ बिहानी सकिन्छ ।
हामी परदेशीको जिन्दगी यस्तै हुन्छ साथी,
खुशी भित्रीने आसमा जिन्दगानी सकिन्छ ।

**विमल बि.सी.**
*बाग्लुङ, गल्कोट*

## मुक्तक



मुक्तक १
जिन्दगीका पानाभित्र सुगन्ध छर्ने मान्छे तिमी ।
मुटुभित्र चोट लाग्दा मलम पट्टि गर्ने मान्छे तिमी ।
कहाँ गयौ मलाई एक्लै पार्दै आज दु:खी बनाएर,
मेरै खुशी खोज्दै जहिले खोला तर्ने मान्छे तिमी ।
मुक्तक २
डालिमाथी फुलाउँदा कोपिलामै झर्नेहरु भेटिए ।
आफ्नो स्वार्थ लुटि-लुटि पछी सर्नेहरु भेटिए ।
साथीसङ्गी बनाएर दु:ख-सु:ख बाइन खोज्दा,
मेरै खुशी छिन्दै यहाँ आफ्नो मन भर्नेहरु भेटिए ।
मुक्तक ३
भोको पेट्ले डाडाँ काडाँ कटायो फेरि मलाई ।
बाध्यताले चर्को घाममा खटायो फेरि मलाई ।
परिवारको साथ छोडि खाडी मुलुक बस्नुपर्दा,
आधी रातमा उनकै यादले सतायो फेरि मलाई ।

**गिर बहादुर के.सी.(बिरही)**
*गौमुखी गा.पा -६ लिवाङ्, प्यूठान*
*हाल दुबई*

# रोचक/प्रेरक प्रसङ्ग

## जब बुद्धिचाल खेलमा रोबोटले बालकको औँला भाचिदियो




कम्प्युटरमा चेस अर्थात् बुद्धिचाल धेरैजना खेल्नुभएकै छ होला । तर यदि तपाईंले बुद्धिचाल खेलिरहेको बेला कम्प्युटरलाई कुनै कुरा चित्त बुझेन र खेल भावना नै खतरामा पर्यो भने के होला ? वास्तवमा हालै रुसको राजधानी मस्कोमा भएको मस्को चेस ओपन प्रतियोगिताका क्रममा एउटा घटना भएको छ ।

स्थानीय मिडिया रिपोर्ट अनुसार चेस खेलका क्रममा एकातर्फ ७ वर्षका एक बालक खेलिरहेका थिए भने उनको प्रतिस्पर्धीको रुपमा अर्कोतर्फ एउटा रोबोट थियो । मस्को चेस फाउन्डेसनका अध्यक्ष सर्गेइ लाजारेभका अनुसार खेलका क्रममा रोबोटले ती बाल खेलाडीको औँला नै भाँचिदिएको छ । सोसल मिडियामा समेत उक्त घटनाको भिडियो भाइरल बनेको छ । भिडियोमा देख्न सकिन्छ कि रोबोटले आफ्नो चाल चल्नका लागि एक गोटी उठाउँछ । त्यसपछि बाल खेलाडीले पनि आफ्नो चाल चल्नका लागि आफ्नो हात अगाडि मात्र के बढाएका थिए रोबोटले उनको औँला पक्रिन्छ । रोबोटको आक्रमणबाट ती बालकलाई बचाउनका लागि त्यहाँ उपस्थित चारजना मानिसहरु अघि सर्नु परेको थियो । अन्ततः उनीहरुले बालकलाई रोबोटबाट छुटाउन सफल भए, तर ती बालकको औँलामा चोट लाग्यो । सर्गेइ लाजारेभका अनुसार बालकले आफ्नो चाल चलिसकेपछि रोबोटलाई उसको चाल चल्न केही समय दिएर धैर्य गर्नुको साटो हतार गरेर फेरि आफ्नो चाल चल्न खोज्दा

**बाँकी ८ पेजमा**

## प्रेम अचम्मको हुँदो रहेछ


### लघुकथा



**श्यामकुमार क्षेत्री (मुस्कान)**
*नौबहिनी गाउँपालिका-८, बल्लेखोला प्यूठान, हाल भारत*

सदा झैँ आज पनि म पुरानो म्यासेजलाई हेर्दैथेँ । अचानक पुरानो म्यासेजमा आँखा पुग्यो । त्यहाँ अपरिचित व्यक्तिबाट कसरी म्यासेज आयो ? थाहा थिएन । राम्रोसँग चिनेको पनि थिएन । केही समय म सोचमा परिरहेँ, हिम्मत गरेर त्यो म्यासेजको जवाफलाई फर्काएँ आफ्नै नेपाली भाषामा ।

त्यो म्यासेज जुन व्यक्तिबाट आएको थियो उनले बिर्सिसकेको रहेछिन कि कुनै दिन मलाई उनले म्यासेज पठाएकी



थिइन । उनले नेपाली नबुझेपछी सायद मलाई लाग्यो उनी नेपाली होइनिन कि भन्ने, अनि फेरि छोटो मिठो अङ्ग्रेजीमा जवाफ दिएँ ।

त्यसपछि उनले पनि मेरो म्यासेज पढेर अङ्ग्रेजीमै जवाफ दिईन र विस्तारै विस्तारै उनीसँग मेरो दिनहुँ जसो कुरा हुन थाल्यो । उसैमा हिजोआज सामाजिक संजालमा धेरै साथीहरू हुनाले म पनि उनी सँग अपरिचित भएपनि खुलेर बोल्न थालेँ । घरीघरी उनको कुरालाई उडाउथे कहिल्यै जिस्काउथे तर उनले कुनै गुनासो गरिनन् । थाहै नपाई बोल्दै जाँदा उनी र म कतिखेर नजिकियौँ पत्तै भएन । उनको फोटो हेरेँ, निक्कै सुन्दर थियो भित्रभित्रै मन परेको आभाष भयो । अब त उनीसँग दिनहुँ कुरा गर्ने बानी नै बसि सक्यो हामी घन्टौसम्म कुरा गर्न थाल्यौँ । उनले मलाई लुरे भनेर जिस्काउथिन भने मैले पनि उनलाई लुरि भनेर जिस्काइ दिन्थे । धेरै नजिकिदै जादा हामी राम्रो साथी भयौ । हामी बिच सबै कुराहरू सेर हुन थाल्यो । त्यसपछि हामी घन्टौ उसै म्यासेजबाट भिडियो कल गर्न थाल्यौ । उनले मलाई देखिन । मैले उनलाइ देखे । के भन्नू यो सामाजिक दुनियाँलाई साँचो या झुटो ! वास्तवमा हामीले एक अर्कालाई देखेर पनि देखेका छैनौ चिनेर पनि चिनेका छैनौ यो कस्तो सम्बन्ध हो ?

कुरा गर्दै जाँदा उनले एक दिन मलाई अचानक प्रश्न गरिन् । लुरे के तिमीले मलाई माया गर्छौ ? अहो कस्तो गाह्रो प्रश्न गरिकी होलिन ? मन मनै सोचेँ । उनी एक धनी उद्योगपतिको छोरी, उनको आफ्नै सम्पन्नता छ । समाजमा आफ्नै स्टाटस छ । म हिन्दु परेँ, उनी रैछिन मुस्लिमकि छोरी उसैमा म नेपाली परे उनी इन्डियन थिइन । के जवाफ देऊ म ? उनलाई माया गर्छु भनेर मेरो प्रेम कहानी सफल होला र? जवाफ दिए अह गर्दैन, हामी असल साथी मात्र हौँ । तर पनि मुटुको कुनै कुनामा उनको निम्ति प्रेम नभएको होइन होला ? कता कता म उनलाई प्रेम गर्छु, अनि उनी पनि मलाई ।

प्रेममा कुनै सिमाना हुदैन भन्थे हो रहेछ । आफै अचम्म छु यो कस्तो प्रेम सम्बन्ध ? उनलाइँ चिनेकै छैन जससँगको भेट सम्भावना नै छैन उनैको निम्ति मनमा यस्तो माया किन ? उनका हरेक कुरामा यति धेरै विश्वास किन गरुँ ? आफैलाई थाहा छैन उनीसँगको दैनिक कुराकानी आदत नै बसि सक्यो । न यो सम्बन्धमा पछाडी हट्न सक्छु, न त अगाडी नै भविस्य भेट्छु । साच्चिकै प्रेम अचम्मको हुने रहेछ ।

## मुक्तक



मुक्तक १
जनम जनम तिम्रै साथ रहेर मर्न पाउँ ।
तिम्रो हर धड्कनमा मेरै सास भर्न पाउँ
हरपल हरक्षण त्यही दिलमा बास गरी,
तिमी रुँदा नयनबाट आँशु बनि झर्न पाउँ ।
मुक्तक २
मेहेन्दी अनि हात भरी टन्न हरिया चुरा छन् ।
जता गयो उतै श्रावण को व्रतका कुरा छन् ।
कहाँ सकिन्छ र अचेलका नारीहरू सँग यहाँ,
भन्छन् शिवजी सँग भेट्ने सपना अधूरा छन् ।
मुक्तक ३
फेवामा तरंगित ती छालहरूसँग रम्दै डुलेको बेला ।
स्वर्णिम त्यो फेवाको सिरानमा गुराँस फुलेको बेला ।
आँखाभरि माछापुच्छ्रे अनि छालहरुसंग बरालिदै,
अति सुन्दर लाग्छ हिमाल अनि आकाश खुलेको बेला ।
मुक्तक ४
हातमा चक्कु लिएर आउँदैछ ऊ मार्छु भनेर ।
एक्लै बर्बराउँदै छ उसको सेखि झार्छु भनेर ।
नशाको मातले मदहोस भएको रहेछ त्यसैले,
एउटा पत्थर उचालेर हिँड्दैछ पछार्छु भनेर ।
मुक्तक ५
विवश भएर दु:खका दिन गन्दै बस्नु परेकोछ ।
सुखको दिन कहिले आउला भन्दै बस्नु परेकोछ ।
कसको पो के लाग्दो रहेछ र नियतिले ठगेपछि,
फर्किएर उही गाउँको बाँझो खन्दै बस्नु परेकोछ ।

**विष्णु पौडेल**
*पोखरा -६ बैदाम*

मुक्तक ६
जनताको मुहारमा दियो बलेको छैन ।
भ्रष्ट्राचार बिना सरकार चलेको छैन ।
अब कसरी भोटको अपेक्षा गर्छौ तिमी,
पाँच वर्षसम्म एउटा सिन्को ढलेको छैन ।
मुक्तक ७
इमान जमान बिर्सिएर भ्रष्ट्राचारको पात्र बने ।
खुरापातीहरु कामचलाउ सरकार मात्र बने ।
विदेशीको सारमा चल्दै देशको ढुकुटी रित्याएर,
विश्वविद्यालय छोडेर अब स्कूल पढ्ने छात्र बने ।

# आर्थिक अभावका कारण उपचारमा समस्या पिडितद्वारा सहयोगको याचना

**झुलेनी पोष्ट**

**प्यूठान**

प्यूठानकी एक महिला मृगौलामा समस्या देखिएकाले महिनौदेखी ओच्छ्यानमै थला परेकी छन् । जिल्लाको झिमरुक गाउँपालिका वडा नं १ सौतामारे निवासी हिमा बि.कको मृगौलामा समस्या देखिए पछि आर्थिक अभावका कारण उपचारमा समस्या भएको हो । उपचारका लागि आर्थिक अभावका कारण मृत्यु कुरेर बस्नुपरेको उनले दुखेसो पोखिन। ५९ वर्षीय हिमा मृगौला रोगका कारण ३ महिनादेखि विस्तारामै थला परेकी हुन् । श्रीमतीको एउटा मृगौला ड्यामेज भएको र उपचारका लागि आर्थिक अभाव रहेको उनका श्रीमान गंगा बहादुर बि.कले बताए।

हिमाको मृगौलामा समस्या देखिएपछि मुटुका भल्वका नसाहरुले पनि काम गर्न छाडिसकेको चिकित्सकहरुले बताएका छन् । साथै मुटुको भल्वले काम गर्न छाडेपछि हिमालाई उभिन समेत निकै पीडा हुने गरेको छ। हिमाको अहिले विस्तारै खुट्टा पनि सुनिन् थालेका छन। उनको शरीर पनि सुक्दै गएको श्रीमान गंगा बहादुरले बताए। हिमाको अवस्था दिनप्रति दिन निकै कमजोर बन्दै गईरहेका कारण मृगौलाको उपचार तत्काल गर्नुपर्ने देखिन्छ । लामो समय धामीझाँक्रीको भरमा गाउँमै उपचार गराइरहेका उनीहरुलाई अर्घाखाँचीको सन्धिखर्क ओम पोलिक्लिनिकका सञ्चालकले बुटवलमा उपचार लागि जान सुझाव दिएका थिए।



डाक्टरको सल्लाह बमोजिम बुटवलमा रहेको बुटवल हस्पिटल प्रा.लि.मा जाँच गराए प्रश्चात् त्यहाँका चिकित्सकले उनको मृगौलामा समस्या मात्र नभई एउटा किड्नी समेत फेल भैसकेको र मुटुका भल्व तथा नसाहरुले काम गर्न छाडेको कारण त्यहाँ उपचारको सम्भव नभएको बताएका थिए । चिकित्सकले मृगौला उपचारका लागि तत्काल काठमाण्डौ लैजानु पर्ने बताएपनि आर्थिक समस्याका कारण उनीहरु घर फर्किएका हुन । उनीहरुको त्यस्तो अवस्थाको जानकारी पाए प्रश्चात झिमरुक गाउँपालिका वडा नं १ का वडा अध्यक्ष ध्रुवराज खनालले सहयोग स्वरुप प्रदान गरेका २० हजार रुपैयाँ रकम र छिमेकीहरुबाट चन्दा संकलन गरेको रकमबाट बुटवलसम्म पुगेपनि थप उपचारका लागि आर्थिक समस्या रहेको छ । बिपन्न परिवारको उपचारका लागि हिमाका श्रीमान र स्थानीय युवाहरुले चन्दा संकलन गर्ने अभियानको योजना बनाएका छन। उनीहरुले महिनौदेखि थला परेकी हिमाको उपचारका लागि सहयोग गर्न सबैलाई अपिल गरिरहेका छन।

# जिल्लामा १३ जनाले ल्याए 'ए' प्लस : मनसुन पाण्डेको मात्र ४ जिपिए

**सुजता थापा क्षेत्री (भण्डारी)**

**झुलेनी पोष्ट, प्यूठान**

भर्खरै सार्वजनिक भएको २०७८ को एसईईको नतिजा अनुसार प्यूठान जिल्लामा सबैभन्दा बढी जिपिए कालिका अंग्रेजी आवासीय माध्यमिक विद्यालयमा अध्यनरत छात्रा मनसुन पाण्डेको ल्याएकी छिन। पाण्डेले ४ जिपिए प्राप्त गरी जिल्ला प्रथम भएकी हुन्। शिक्षा विकास तथा समन्वय इकाई प्यूठानका अनुसार दोस्रो स्थानमा लोक चेतन इङलिस बोर्डिङ स्कुलका बिकास रिजालले ३.९० जिपिए प्राप्त गरेका छन् । त्यस्तै प्यूठान भ्याली एकेडेमीका योगेश भण्डारीले ३ं.८५ जिपिए ल्याउन सफल भएका छन।




सार्बजनिक भएको एसईई परीक्षामा प्यूठानबाट ४ हजार २ सय ६ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । यस मध्य १३ जनाले ए प्लस ल्याएको शिक्षा विकास तथा समन्वय इकाई प्यूठानका प्रमुख शिव पाण्डितले बताए । ६८ जनाले ए, १ सय ९५ जनाले बी प्लस, ६ सय १७ जनाले बी, १ हजार ६ सय ६१ जनाले सी प्लस, १ हजार ३ सय ९३ जनाले सी, १ सय ९ जनाले डी ग्रेड ल्याएका छन् । १ सय ५० जना विद्यार्थी परीक्षामा सामेल भएका थिएनन् ।

**जिल्ला प्रथम हुने मनसुन पाण्डे को हुन् ?**

मनसुन पाण्डे कालिका अंग्रेजी आवासीय माध्यमिक विद्यालयकी अध्यनरत छात्रा हुन। उनले कक्षा १ देखिनै कालिकामै पढेकी हुन् । प्यूठान नगरपालिका ८ मा घर भइकी पाण्डे बुबा आमासंगै प्यूठान नगरपालिका ४ स्थित टारीमा डेरामा बसेर कालिकामा अध्यायन गर्दथिइन् । पाण्डेका बाबुआमा सोही विद्यालयमै अध्ययापन गर्दछन् । सरसफाई र अनुशासनमा अब्वल मनसुन पाण्डे कक्षा १ देखि नै प्रथम हुँदै आउने गरेको कालिकाका प्रध्यानाध्यापक दुर्गाबहादुर गुरुङले बताए।

# भिगृमा वित्तीय साक्षरता कक्षा

**नोमराज पौडेल (शर्मा)**

**झुलेनी पोष्ट,प्यूठान**

कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय भिङ्गीको आयोजनामा प्रज्वलित सामाजिक उधमी महिला सहकारी सस्था स्वर्गद्वारी नगरपालिका वडा न ४ जिमुरपाटामा एक कार्यक्रमकाबिच वित्तीय शिक्षा तथा व्यावसायिक साक्षरता कक्षाको उद्घाटन गरेको छ। नेपाल सरकार मार्फत आइ.एफ.ए.डी.को अनुदान सहयोगमा सञ्चालित RPSF–APlA/VITA परियोजना अन्तर्गत कृषि विकास बैंकले वित्तिय शिक्षा तथा व्यवसायिक साक्षरता कार्यक्रम सुरु गरेको हो। विशेषगरी किसान



एप र किसान क्रेडिट कार्डका माध्यमबाट कृषकको व्यवसायिक पहुँच वृद्धि गर्ने लक्ष्य कार्यक्रमको रहेको बैंकले जनाएको छ । शाखा अन्तर्गत उक्त सहकारीमा ४ वटा कक्षा संचालन हुने कृषि विकास बैंक शाखा भिगृका प्रबन्धक लक्ष्मी नारायण चौधरीले जानकारी दिए। उहाँका अनुसार

बाँकी ८ पेजमा

## छोटकरी

# स्वर्गद्वारी दुर्घटना : ३ जनाको मृत्यु

**झुलेनी पोष्ट**

**प्यूठान**

प्यूठानमा शनिबार भएको जिप दुर्घटनामा परि ३२ वर्षीय गुडिया ठाकुरको दुर्घटना स्थलमै मृत्यु थियो भने घाइते भएका मध्ये उपचारको क्रममा अस्पतालमा थप २ जनाको ज्यान गएको छ। रुपन्देहीको सिद्धार्थनगर नगरपालिका -४ कि ५४ वर्षीय कान्ति कर्ण र मायादेवी गाउँपालिका वडा नम्बर ३ का ७० वर्षीय पटवारी कुहारको एडवनसिटी अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय प्यूठानले जनाएको छ।

दुर्घटनामा घाइते हुनेहरूमा रुपन्देही मायादेवी गाउँपालिका ७ का ४२ वर्षीय विनोद कुहार, सिद्धार्थ ४ का ४० वर्षीय उर्मिला कुहार, १५ वर्षीय चन्दन कुहार, मायादेवी ३ का ४० वर्षीय आशा थारु, ३ का ६३ वर्षीय रुदल चौधरी, ५० वर्षीय मागरी थारु, ६१ वर्षीय प्रल्हाद थारु, सिद्धार्थ ६ का ७० वर्षीय धुव्रा नारायण काबी, सिद्धार्थ ६ का ६० वर्षीय उर्मिला बर्मा, मायादेवी ३ का ५५ वर्षीय किसदी थारु, सिद्धार्थ ६ का ६० वर्षीय पुष्पा मालि, ५२ वर्षीय सरोज माली, मायादेवी - ७ का अन्दाजी ७३ वर्षीय कल्वारी कुहार, ७५ वर्षीय प्राग कुहार, ६ वर्षीय बालिका संगीता कुहार रहेको प्रहरी जिल्ला प्रहरी कार्यालय प्यूठानको भनाई छ। घाइतेहरुको अहिले बुटवल र भैरहवा अस्पतालमा उपचार भइरहेको छ।

स्वर्गद्वारी मन्दिर दर्शन गरेर फर्किंदै गरेको लु३च ३५३ नम्वरको जीप ब्रेक फेल भई हिजो स्वर्गद्वारी नगरपालिका-४ कोलबाङ्गमा दुर्घटनामा परेको थियो। गाडीमा सवार १७ जना रहेका थिए।

# नेवारी समुदायको परम्परागत लाखे नाच, खंलगामा प्रदर्शन

**झुलेनी पोष्ट**

**प्यूठान**

नेवारी समुदायमा नाचिने परम्परागत लाखे नाच यस वर्ष प्यूठान जिल्लाको सरमुकाम खंलगामा प्रदर्शन गरिएको छ । कोरोना संक्रमणका कारण विगत दुई वर्ष देखी रोकिएको लाखे नाच परम्परागत संस्कृतिको जर्गेना गर्ने उद्देश्यले प्रदर्शन गरिएको नेवा समुदाय प्यूठानका अध्यक्ष वसन्त शाक्यले जानकारी दिए । प्यूठान जिल्लाको सदरमुकाम खंलगा, बिजुवार लगाएत नेवारी समुदायको वसोवास भएको स्थानमा लाखे नाच देखाउने गरिन्छ । मुखमा मुकुण्डो, चौरीका कपाल, रिबनका फुर्का, घण्ट, रंगी-विरंगीका लुंगी लगाएतका पोसाक लगाउदै वासुरी, झ्याली र नेवारी बाजाको तालमा नाच देखाउने गरिन्छ । लाखे नाच गाठेमंगल (चतुर्दशी) साउन १० गतेका दिनदेखि निकालिने भएतापनि लाखे नाच नाच्दा लगाउने पोषाक तथा सामाग्रीहरु तयार भइनसकेका कारण आजबाट प्रदशन गरिएको अध्यक्ष शाक्ले बताए । जिल्लामा लाखे नाचबाट जम्मा भएको रकम वर्षेनी प्रदर्शन गरिने लाखे नाच सामाग्री व्यवस्थापनमै खर्च गरिदै आएको शाक्यले बताए । गाठेमंगल (चतुर्दशी)का दिनदेखी सुरु भएको लाखे नाच कृष्ण जन्माष्टमीमा समाप्त हुन्छ। जनैपूर्णिमासम्म लाखे नाच तथा त्यसपछि रोपाई जात्रा, गाई जात्रा, बाघ जात्रा र हनुमान नाच प्रदर्शन गरिने गरिन्छ । नेवा समुदायमा

बाँकी ८ पेजमा

# जिल्लाका ३ प्रमुख प्रशासकीय अधिकृतको सरुवा

**झुलेनी पोष्ट**

**प्यूठान**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरका केहि स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतको सरुवा गरेको छ । जसअन्तर्गत प्यूठान जिल्लाका तिन वटा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतहरु पनि सरुवा भएका छन ।

जिल्लाको माण्डवी गाउँपालका, सरुमारानी गाउँपालिका र मल्लरानी गाउँपालिका प्रमुख प्रशासकिय अधिकृतहरु सरुवा भएका हुन्। माण्डवी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत शिसिर रिजाल भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा, सरुमारानी गाउँपालिकाका अधिकृत चिन्तामणी रेग्मी संचार मन्त्रालयमा र मल्लरानी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत बालकृष्ण थापा राष्ट्रिय शर्तकता केन्द्रमा सरुवा भएका हुन्।

# हराएको व्यक्ति ५ दिन पछि मृत फेला

**झुलेनी पोष्ट**

**प्यूठान**

प्यूठान नगरपालिका ५ जुम्रीकाँडामा एक व्यक्ति मृत फेला परेका छन् । हराएको ५ दिन पछि शव सडेको अवस्थामा स्थानीय ५६ वर्षिय दाईराम थापा आरुडाँडा स्थित अमिलेगैराको खोल्सामा शव फेला परे को प्यूठान नगरपालिका वडा नं ५ का निवर्तमान वडाध्यक्ष लछुमण भण्डारीले जानकारी दिए।

थापा साउन १२ गतेका दिन विहान अदुवा, वेसार बेच्न भनी बिजुवार बजार निस्केको परिवारले जनाएको छ । सोही दिन साझ गाडीमा चामल लिएर घर फर्किएका उनी छिमेकीको घरमा चामल र खेर एकैछिन पछि आउछु भनी घरबाट निस्किए पछि फर्केका थिएनन् । परिवारले खोजतलास गर्दा थापालाई मृत फेला पारेका हुन । मृतकको शवलाई आइतबार पोष्टमार्टमको लागि जिल्ला अस्पताल बिजुवारमा ल्याइएको छ । मृतक थापा घरमा एक्लै बस्दै आइरहेका थिए । पोष्टमार्टमका लागि बुटवल पठाउने तयारी भैरहेको इलाका प्रहरी कार्यालय बिजुवार प्रहरी निरिक्षक दिपेन्द्र बानियाले बताए । घटनाबारे थप अनुसन्धान भईरहेको इलाका प्रहरी जनाएको छ।

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, विजुवार
Email : jhulenipyuthan@gmail.com

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# जनताको मुख स्वास्थ्यमा सरकारको खेलवाड





डा. अमृत जैशी

भनिन्छ नि 'गलत सधैं गलत नै हुन्छ यदि त्यो सबैले गर्दै गरेको किन नहोस्, सत्य सधैं सत्य नै रहन्छ चाहे त्यो कसैले गर्दै नगरेको किन नहोस् ।' ठिक यस्तै अवस्था छ अहिले नेपालको दन्त चिकित्सा क्षेत्रमा । गाउँ-गाँउमा दाँत बनाउने ठाउँ, दाँत उपचार केन्द्र, डेन्टल क्लिनिक र सरकारी अस्पतालको दाँत तथा मुख विभागमा समेत अवस्था एकदमै नाजुक छ ।

यस्ता क्लिनिक, दाँत उपचार केन्द्र, दाँत बनाउने ठाँउ अनि गाउँघरका प्राथमिक उपचार केन्द्र र अस्पतालमा कसले कसरी के-के उपचारमा संलग्न छ त्यो न त सरकारको नियमक निकायलाई थाहा छ, न त त्यहाँ उपचारका लागि आउने सोझा जनताहरुलाई नै थाहा छ । एकातिर जनताहरुले महङ्गो उपचार शुल्क तिरेर पनि गुणस्तरीय सेवा पाउनबाट बन्चित छन् भने अर्कोतर्फ सरकारले सरकारी अस्पतालहरुमा मुख स्वास्थ्यलाई पूर्ण रुपमा बेवास्ता नै गरेको छ । हाल देशभरी जम्मा ८० जना दन्त चिकित्सकको दरबन्दी छ जब कि अहिले नै नेपाल मेडिकल काउन्सिलमा दर्ता दन्त चिकित्सकको संख्या नै चार हजार कटिसकेको छ ।

दन्त चिकित्सा क्षेत्रमा गाउँघर मात्र होइनन् देशका मुख्य सहरहरुमा समेत उचित रुपमा नियमक निकायले सक्रियताका साथ अनुगमन कार्य नगर्दा जनताले कुट (क्वाक) चिकित्साको सिकार बन्नु परेको छ। दाँत मुख स्वास्थ्यमा मुख्य सहरमै रहेका क्लिनिकमा अनि सरकारी स्वास्थ्य सस्थामा समेत कसरी कुट (क्वाक) चिकित्सा भइरहेको छ यसको बारेमा छुट्टै लेख लेख्नेछु तर यस पटक भने सरकारले ५/१०/१५ शयायाको आधारभूत अस्पतालको संरचना बनाउदा बुझ्न नसकेको दन्त चिकित्सक र डेण्टल हाइजिनिस्टको सम्बन्धको बारेमा बिस्तृतमा लेख्ने प्रयास गर्नेछु ।

हालसालै मात्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ५/१०/१५ शयायाका आधारभूत अस्पतालको दरबन्दी तेरिज पारित गरिएको छ। त्यसमा डेन्टल हाइजिनिस्टको मात्र दरबन्दी स्वीकृत भएको छ। यसमा सरकारकै तर्फबाट नीतिगत त्रुटि भएको छ । यसलाई चाँडै सच्याउनुको विकल्प छैन ।

स्वास्थ्य क्षेत्र आफैंमा शरीरको उपचारसँग प्रत्यक्षरुपमा जोडिएको हुनाले एकदमै संवेदनशिल क्षेत्र हो । कसैको उपचारमा सानो चाहे त्यो ठूलो अपरेसन गर्दा होस् वा दाँत निकाल्दा नै किन नहोस् लापरबाही वा गल्तीले मानिसको ज्यानैसम्म जान सक्छ ।

यसको उदाहरणका रुपमा केही समय अघि धनुषा मिथिला नगरपालिका वडा नं. ९ की १९ वर्षीया रानी सिंह महतो दाँत दुखेर नजिकैको साझा कान्तिपुर डेन्टल प्राली पुगेको थिइन् र उक्त क्लिनिकमा दुखेको दाँत निकाल्ने कार्य भयो तर उनको दाँत उखेल्दा अत्यधिक रक्तश्राव भएर उनको मृत्यु भयो । उक्त दाँत निकाल्ने व्यक्ति उक्त कार्यका निम्ति दक्ष जनशक्ति नभएकै कारण रानी सिंह महतोले अकालमै ज्यान गुमाउनु पर्यो । अहिले उक्त उपचारमा संलग्न व्यक्तिलाई प्रकाउ गरि प्रहरी हिरासतमा राखिएको छ । यस्तो घटना यो पहिलो र अन्तिम होइन यस्ता थुप्रै घटना घटिसकेका छन् तर पनि यसलाई रोक्न सरकारले नियामक निकाय मार्फत नीतिगत पहलकदमी गरेको देखिँदैन । स्वास्थ्य क्षेत्रमा उपचारमा संलग्न हुने स्वास्थ्यकर्मीले आफूले अध्ययन गरेको तह र दर्जाका आधारमा के कति काम गर्ने भन्ने कुरा स्पष्ट रुपमा अध्ययन गर्दै गर्दा पाठ्यक्रममा र अध्ययन पूरा भइसके पछि हुने लाइसेन्स पछिको आचारसंहितामा समेत उल्लेख गरिएको हुन्छ । यदि कसैले आफ्नो तह र जिम्मेवारीले पाएको जिम्मेवारीभन्दा बढी कार्य गरेमा उ सजायको भागिदार बन्नु पर्छ ।

अब हेरौं अहिलेको हाम्रो अवस्थाको कुरा। सरकारले नै प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद (सिटिइभिटी) मार्फत सन् २००० मा एसएलसी अध्ययनपछि २ वर्षे कोर्सका रुपमा प्रथम पटक डेन्टल हाइजिनिस्ट कोर्स सुरु गरेको थियो । त्यतिबेला डेन्टल हाइजिनिस्टले मात्र सहायकको भुमिका निर्वाह गर्ने तहको पाठ्यक्रम थियो पछि सन २००६ देखि भने त्यही कोर्सलाई परिमार्जन गरि ३ वर्षे कोर्सको रुपमा बनइयो र जसमा डेन्टल हाइजिनिस्टलाई पनि दन्त चिकित्सकको रोहबरमा रहि केही उपचार गर्न दिने गरि पाठ्यक्रम परिमार्जीत भयो । डेन्टल हाजिनिस्ट अन्य देशहरुमा पनि दन्त चिकित्सकको निगरानिमा बिरामीको उपचारमा संलग्न हुने र समुदायस्तरमा र स्कुलहरुमा जनचेतनामूलक कार्यक्रम गर्नका निम्ति लामो समयदेखि कार्य गर्दै आइरहेका छन् ।

त्यसैले नेपालमा पनि यो कोर्स तयार गर्दा नै उक्त जनशक्ति उत्पादनको लक्ष्य उद्देश्यमा स्पष्ट रुपमा उल्लेख छ - नेपाल मेडिकल काउन्सिलमा दर्ता दन्त चिकित्सकको निगरानीमा रहि केही सिमित उपचारमा संलग्न हुन, जटिल प्राकृतिका उपचारमा दन्त चिकित्सकलाई सहयोगीको भुमिका निर्वाह गर्ने र दाँत तथा मुख स्वास्थ्य सम्बन्धि जनचेतनामूलक कार्यक्रममा सहभागी भइ जनताहरुलाई मुख स्वास्थ्यको बारेमा सकारात्मक बनाउने ।

हालसम्म नेपालमा करिब दुई हजारभन्दा बढी डेन्टल हाइजिनिस्टले अध्ययन पूरा गरेर बजारमा छन् । उनीहरुको निम्ति सरकारले ५/१०/१५ शयायाको अस्पतालमा दरबन्दी तेरिज गर्नु आफैंमा खुसीको कुरा हो । यसको पहलकदमीका निम्ति डेन्टल हाइजिनिस्ट एसोसिएसनलाई बधाई छ । तर योसँगै सरकार, उक्त क्षेत्रमा अब कार्य गर्न जाने डेन्टल हाइजिनिस्ट र स्वास्थ्य मन्त्रालय के कुरामा स्पष्ट हुन आवश्यक छ भने अहिले गरेको डेन्टल हाइजिनिस्टको दरबन्दीले गाउँ-गाँउमा जनचेतनामूलक कार्यक्रम र अस्पतालमा आउने बिरामीलाई दाँत तथा मुख सम्बन्धी रोगको जानकारी दिएर माथिल्लो निकायमा वा नजिकैको प्राइभेट क्लिनिकमा रिफर गर्नको निम्ति यो सबै गरेको हो कि ५/१०/१५ वेडकै अस्पतालबाट जनताले न्यूनतम उपचारात्मक सेवा पनि पाउन सकून् भन्ने कुराको निम्ति यो भएको हो स्पष्ट हुन जरुरी छ ।

डेन्टल हाइजिनिस्टको पाठ्यक्रम तयार गर्ने मध्य एक स्वास्थ्य सेवा विभागका कन्सल्ट्यान्ट डेन्टल सर्जन डा प्रकाश बुढाथोकी सरले भन्नुभएको मलाइ याद छ। पाठ्यक्रम तयार गर्ने बेलामा नै हामीले डेण्टल हाइजिनिस्टले गर्न सक्ने केही सामन्य उपचारहरु छुट्याइएको छ तर ती उपचार गर्दा पनि दन्त चिकित्सकको निगरानीमा हुनै पर्छ तर आफैं स्वतन्त्र रुपमा भने उपचार गर्ने परिकल्पना पाठ्यक्रमले समेत गरेको छैन। यो प्रयोग नेपालमा पहिलो पटक भएको होइन अन्य देशहरुको पनि यहि प्रयोग छ ।

अझै यसलाइ स्पष्ट रुपमा बुझ्न पाठ्यक्रमकै सहायता लिन चहान्छु डेन्टल हाजिनिस्टको पाठ्यक्रममा नै स्पष्ट रुपमा यसरी लेखिएको छ तीन वर्षे हाइजिनिस्ट कोर्सको अध्ययन पूरा गरिसकेपछि यी कुरा गर्न सक्षम हुनेछन् :

१. प्राविधिक रुपमा सक्षम मध्यम स्तरको जनशक्ति जसले आफ्नो पेशा प्रति सकारात्मक मनोवृत्ति र सामाजिक-सांस्कृतिक मूल्यहरूको सम्मान प्रदर्शन गर्नेछ ।
२. अस्पताल र सामुदायिक सेटिङहरूमा पनि दन्त चिकित्सकको निगरानीमा गुणस्तरीय र इथिकल दन्त चिकित्सा अभ्यास विकास गर्ने ।
३. दाँत तथा मुखलाई स्वस्थ बनाउन बिरामी र समुदायस्तरमा नै यससम्बन्धी शिक्षित र उत्प्रेरित गर्ने मनोवृत्ति विकास गर्ने कार्यमा संलग्न हुने ।
४. सामान्य गिजाको रोगको पहिचान गरि त्यसका निम्ति आवश्यक पर्ने दाँतको सफा (स्केलिङ) गर्ने ।
६. गिजाको रोगको सामान्य उपचारको निम्ति आवश्यक उपकरणहरु पहिचान गर्न र प्रयोग गर्न सक्ने ।
७. मुख तथा दाँत स्वास्थ्य र विशेषगरी गिजा सम्बन्धी रोगको निवारण गर्ने उपायहरू प्रदान गर्ने मनोवृत्ति विकास गर्नुहोस् ।
८. अधिकतम सम्भावित हदसम्म दाँत कम क्षती हुने गरि संरक्षण गर्न मद्दत गर्ने ।
९. कुनै पनि उपचारमा संलग्न हुदा पूर्ण एसेप्टिक उपायहरू प्रदर्शन गर्ने मनोवृत्ति विकास गर्ने ।
१०. उपचार वा औषधिका कारण हुन सक्ने रोग अर्थात इयाट्रोजेकिक रोग रोकथाम गर्ने मनोवृत्ति विकास गर्ने ।
११. दाँतको एक्स-रे र फोटो खिचेर रोगको सहि पहिचानको निम्ति दन्त चिकित्सकलाई रिफर गर्ने ।
१२. दन्त चिकित्सक वा विशेषज्ञ चिकित्सक अवश्यक पर्ने बिरामीलाई रेफर गर्ने ।

नेपाल स्वास्थ्य व्यवसायी परिषदले र सिटिभिटीले आफ्नो पाठ्यक्रममा नै यसरी डेण्टल हाइजिनिस्टले दन्त चिकित्सकको निगरानीमा रहि दाँत सफा गर्ने, दाँतमा अरु सबै तयारी पूरा भइसकेपछि क्याप लगाउने, बच्चाको दाँतमा फ्लोराइट लगाउने, भर्ने, दाँत पोलिस गर्ने, गिजा सम्बन्धी रोगको सामान्य उपचार गर्ने, दन्त सडनको प्रकृति हेरेर दन्त चिकित्सकको निगरानीमा दाँत भर्ने लगायतका काम गर्ने गरी उक्त जनशक्ति तयार गरिएको छ ।

यदि सरकार र सरोकारवाला निकायले नै मात्र ५/१०/१५ शयायाको आधारभूत अस्पताल मार्फत दाँत मुख स्वास्थ्य सम्बन्धी जनचेतना मात्र जगाउने उद्देश्य हो र उपचारात्मक सेवा विस्तार गर्ने लक्ष्य होइन भने अहिलेको निर्णयलाई नीतिगत रुपमा सहि मान्न सकिएला तर यस्तो हो भने यसबाट धेरै जनताहरु लाभान्वित हुन सक्ने अवस्था भने हुने छैन । यदि डेन्टल हाजिनिस्टद्वारा नै पनि आधार भूत अस्पतालमा सामन्य उपचारमा स्वायत्त रुपमा सेवा प्रदान गर्ने लक्ष्य हो भने त्यो निर्णयले बिल्कुल जनताको स्वास्थ्य माथी हुने कुट (क्वाक) चिकित्सालाई सरकारी तवरबाटै अनुमोदित गर्नेछ जुन एकदमै घातक छ । दलाई लामले भनेझैं यदि सक्छौ अरुलाई सहयोग गर, यदि सक्दैनौ कमसेकम अरुलाई हानी पुर्याउने काम नगर । सरकार समक्ष पनि यहि यक्ष प्रश्न तेर्सिएको छ। स्वास्थ्य बीमा अन्तर्गत दाँत सम्बन्धी सबैभन्दा धेरै गर्नुपर्ने उपचार आरसीटीलाई समावेश गर्न पहल नगर्ने, जिल्ला जिल्लामा कमसेकम एकजना दन्त चिकित्सक पठाउने गरी दरबन्दी सृजना गर्न नसक्ने अनि जनताको स्वास्थ्य माथी नीतिगत तहबाटै उल्टै खेलबाड गर्ने ?

नेपाल सरकारमा हालसम्म जम्मा ८० जना दन्त चिकित्सकको मात्र दरबन्दी छ जबकी अहिलेसम्म नेपाल मेडिकल काउन्सिलमा चार हजारभन्दा बढी दन्त चिकित्सकहरु दर्ता भइसकेका छन् । उनीहरुले कहाँ काम गर्ने? यदि जनशक्ति हामीलाई आवश्यकता भएजती नै पूरा भइसकेको भए वार्षिक पाँच सयको हाराहारीमा उत्पादन भइरहेका दन्त चिकित्सकको अब के काम? यदि होइन भने सरकारले यसमा गम्भीरतापूर्वक सोच्नुपर्छ जनताको स्वास्थ्यमाथी सरकारले नै खेलबाड गर्न मिल्दैन । हालसम्म जम्मा केवल ८० जना दन्त चिकित्सकको दरबन्दीको भरमा मुख स्वास्थ्य सेवा सञ्चालन गर्नुले स्वास्थ्य मन्त्रालयको यस प्रतिको चरम उदासीनता स्पष्ट बुझ्न सकिन्थ्यो, अब झन आधारभूत अस्पतालबाट नै दाँत तथा मुख स्वास्थ्यको जिम्मा डेन्टल हाइजिनिस्टलाई दिएपछि त्यसलाई सरकारले थप पुष्टि गरेको छ ।

स्वास्थ्य मन्त्रालयमा यो गलत निर्णय भएकै हो भनेर नबुझ्ने कोही छैनन्, तर जानाजान स्वार्थ केन्द्रित निर्णय पटक पटक भइरहन्छन् । विश्व स्वास्थ्य संगठनले दन्त चिकित्सक र जनसंख्याको अनुपात १:७५०० तोकेको छ । मन्त्रालयको यो निर्णयले १५००० देखि २०००० जनसंख्या भएको गाउँपालिका नगरपालिकामा समेत दन्त चिकित्सक पुग्ने बाटोलाई ब्रेक लगाएको छ, पालिका स्तरका अस्पतालमा जनता दाँत दुखेर आए पनि सिटामोल बाहेक केही थप उपचारको निम्ति भने सदरमुकाम अथवा नजिकैको सहर वा प्राइभेट क्लिनिक जानुपर्ने बाध्यता सम्बोधन नहुने कुरा स्पष्ट छ ।

अन्त्यमा यस विषयलाई विषयान्तर गर्न अहिले जसरी यसलाई दन्त चिकित्सक र डेन्टल हाइजिनिस्टको झगडा रुपमा प्रस्तुत गर्न खोजिदैछ त्यो सरासर गलत छ । किनकि दन्त चिकित्सकहरु डेन्टल हाइजिनिस्ट बिना अपुर्ण छन् र डेण्टल सर्जन बिना हाइजिनिस्ट एक्लैको पनि कुनै अस्तित्व छैन । दाँत तथा मुख उपचारका निम्ति तयार गरिएको वैकल्पिक जनशक्तिलाई मात्र सरकारी सेवा प्रवाहमा स्वायत्त रुपमा काम गर्ने स्थान दिइनु भनेको दक्ष जनशक्ति माथिको अन्याय त भयो नै त्यो भन्दा बढी संविधान प्रदत्त जनताले गुणस्तरीय स्वास्थ्य सेवा पाउने अधिकारमाथी समेत अन्याय हुन्छ। त्यसैले यी दुवै पक्षलाई ध्यानमा राखेर सरकारले आफ्नो निर्णय सच्याउन तर्फ पहलकदमी नलिएपछी हामी सडकमा आउनुको विकल्प छैन ।

**-(डा. जैशी हाल सेती प्रादेशिक अस्पतालमा कार्यतरत छन् )**

# व्यवसायिक तीते करेला खेती कसरी गर्ने ?

-जानकारी



तीते करेला भन्नै बित्तिकै कतिले मुख बिगार्ने गर्दछन् । तर मिठो र राम्रो नामले मात्र हामीलाई फाईदा गर्छ भन्ने छैन । यस्तै अन्तर्गत पर्ने गर्दछ तीते करेला बहुउपयोगी लहरेबाली । तीते करेलाको सेवानले उच्च रक्तचापलाई फाईदा साथै खानामा रुचि बढाउँछ भने खाना राम्ररी पचाउँछ । पेट सफा राख्दछ । कब्जियत हुन दिँदैन । पेटसम्बन्धी विभिन्न रोगजस्तै, ग्याष्ट्रिक, अल्सर आदिलाई हटाउँछ । रगत शुद्धीकरण गरी सफा राख्न मद्दत गर्छ । मधुमेह रोगीलाई इन्सुलिनको काम गर्छ । यसले छालासम्बन्धी विभिन्न रोगजस्तै छालाको सङ्क्रमण, चिलाउने खटिरा, घाउ आदिलाई हटाउने गर्दछ ।

तीतेकरेलामा क्यालोरीको मात्रा कम हुन्छ तर यसलाई भिटामिन ए, भिटामिन बी १, भिटामिन बी २, भिटामिन बी ३, भिटामिन सी, म्याग्नेसियम, फोलिक एसिड, क्याल्सियम, जिन्क, पोटासियम, फोस्फोरस, माङ्गानिजजस्ता भिटामिन तथा खनिज पदार्थहरुको राम्रो स्रोत मानिन्छ । यसलाई फाइवर तथा फलामको पनि राम्रो स्रोत मानिन्छ ।

नेपालमा खासगरी हरियो र सेतो फल लाग्ने दुई जातका तीतेकरेला प्रचलित छन् । तीतेकरेला नेपालमा खासगरी उच्च पहाडमा वैशाख, जेठतिर रोप्ने गरिन्छ भने असार, साउनतिर बाली लिने गरिन्छ । त्यस्तै, मध्य पहाडमा फागुन, चैतमा रोप्ने र जेठ, असारमा बाली लिने गरिन्छ । खोंच र तराईमा माघ र जेठमा रोप्ने र वैशाख र असोजमा बाली लिने गरिन्छ। यो बहुउपयोगी तीते करेलाबालीको खेती गर्ने देखी व्यवस्थापनसम्मको सम्मपूर्ण जानकारी कृषि तथा पशुपन्छी विकास मन्त्रालय, जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाले तयार पारेको विवरण यस प्रकार रहेका छन् ।

**१. फल भण्डारण गर्नुपर्दा कति तापक्रम र आर्द्रतामा राख्दा लामो अवधि टिकाउन सकिन्छ ?**

-करेला फल भण्डारण गर्दा १०-१२ डिग्री सेन्टिग्रेड तापक्रम र ८५(९० प्रतिशत सापेक्षिक आर्द्रतामा १५(२५ दिनसम्म ताजै राख्न सकिन्छ ।

**२. फल ढुवानी गर्दा कुन कुन कुरामा ध्यान दिनु पर्दछ ?**

-ग्रेडिङ्गरछनौट गरिएका फलहरुलाई हावा छिर्ने बाँसको टोकरी, डोको, प्लाष्टिक क्रेट, प्लाष्टिक ब्यागमा प्याकिङ्ग गर्नु पर्दछ । सुरक्षित ढुवानी गर्नका लागिप्लाष्टिक क्रेट, काठको बाकसर कार्टुन प्रयोग गर्नु पर्दछ । टाढाको बजारमा ढुवानी गरी पठाउँदा विशेष सावधानी अपनाउने जस्तो किकपडा भिजाई छोप्ने, बेला बेलामा पानी स्प्रे गर्ने वा केराको पातले छोप्ने जस्ता कार्यले तीते करेला ताजा राख्न सकिन्छ ।

**३. राम्रो भाउ पाउन छनौट र ग्रेडिङ्ग गर्दा कुन कुन कुराहरुमा ध्यान पुर्याउनु पर्दछ ?**

-फल टिप्ने वेलामा नै घाउ, चोटपटक र दाग लागेका वाङ्गाटिङ्गा वा पंहेलिएका फलहरु छुट्टै राख्नुपर्दछ । जात अनुसारको रङ्ग, आकार र आकर्षक देखिने फलहरु अलग अलग ग्रेडिङ्ग गर्नुपर्दछ ।

**४. करेला फलको उत्पादन कति हुन्छ ?**

-जात, मौसम र खेती व्यवस्थापनका आधारमा एक रोपनी जमिनबाट ५००(१००० के.जी. कलिला फल उत्पादन गर्न सकिन्छ ।

**५. फल कुन कुन समयमा टिप्नु पर्दछ ?**

-करेलाकोफल सकेसम्म घाम नलागेको बेला बेलुका वा बिहान पानी नपरेको समयमा टिप्न उपयुक्त हुन्छ । ४-५ दिनको फरकमा फल टिप्दै जानु पर्दछ ।

**६. बाली कलिलो अवस्थामा नै किन टिप्नु पर्दछ ?**

-करेलाको बीयाँ नछिप्पिदै कलिलो अवस्थामा फल टिप्नु पर्दछ। फल छिप्पिइन्जेल बोटमा राख्दा अरु नयाँ चिचिला (फल)लाग्न र लागेका चिचिलाको वृद्धि क्रम कम हुन्छ ।

**७. करेलाबालीमा थाक्रा अथवा छाप्रो बनाउन किन आवश्यक हुन्छ र कसरी बनाईन्छ ?**

-करेला लहरे वाली भएको कारणले यसको वृद्धि विकास साथै फलेको फल माटोमा परी नसडोस्नबिग्रियोस भन्ने उद्देश्यका साथ थाँक्रा अथवा छाप्रा दिईन्छ। वोटहरु थोरै संख्यामा भए रुखको हाँगा वा वाँसको लिँगो वोटको नजिकै गाडेर थाँक्रा दिईन्छ। ब्यावसायिक स्तरमा खेती गर्दा १.५ मीटर देखि २ मीटर अग्लो खम्वा गाडेर बाँसको भाटा वा डोरी बाँधेर टाँड बनाईन्छ ।

**८. खपटेले करेला वालीमा कसरी नोक्सानी पुर्याउँदछ र यसको ब्यवस्थापन कसरी गरिन्छ ?**

-खपटे कीरालेकलिला पातको सतहको हरियो भाग कोत्रेर खान्छ र पातमा जाली जस्तो नसा देखिन्छ। यसको व्यवस्थापन गर्न मेटासिष्टक्स वा रोगर वा डेसिस २ मि.लि. प्रति लिटर पानीमा मिसाई फूल फुल्नु भन्दा पहिले र फूल फुलेर फल लाग्ने बेलामा नुभान ०.५ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्नु पर्दछ ।

**९. फेरोमन ट्र्यापमा भाले झिंगांहरु पर्दछन रु यसको कारण के हो ?**

-फेरोमन ट्र्यापमा क्यू लुर नामक पदार्थ राखिएको हुन्छ जसको गन्ध वा वासना पोथिको जस्तो आंउदछ र भालेहरु आकर्षित भै त्यस ट्र्यापमा पर्दछन् र त्यसमा राखेको मालाथायन वा नुभान जस्ता विषादीको असरले तिनीहरु मर्दछन् ।

**१०. क्यूलिएर नामक फेरोमन ट्र्यापले कुन कुन कीराहरुलाई व्यवस्थापन गर्न सकिन्छ रु यसको लागि कुन कुन रसायनहरु प्रयोग गर्नुपर्दछ ?**

-क्यूलिएर नामक फेरोमन ट्र्यापमा फल कुहाउने झिंगाको भाले कीरालाई ट्र्यापमा पारी नष्ट गरिन्छ। यसमा भाले आकर्षित हुने क्यूलिएर ४ थोपा र मालाथायन वा नुभान ५-७ थोपा राखी बनाएको फेरोमन पासो ५-६ फिट उचाईमा झुण्डाएर राखिन्छ।

**११. कुन कीराको आक्रमणले गर्दा करेला फलकुहिने गर्दछ ?**

-फल कुहाउने औंसारझिंगाको आक्रमणले गर्दा फलको आकार कुरुप हुने तथा फल कुहिने हुन्छ । यसको आक्रमणबाट ५० प्रतिशत भन्दा बढी फलहरु नष्ट हुन्छन् ।

१२. करेलामा लाग्ने धुलो ढुसी रोग कसरी **पहिचान गर्ने र यसको रोकथाम कसरी गर्न सकिन्छ ?**

-पातको माथिल्लो सतहमा सेतो खैरो ढुसीको विकास भई रोगी विरुवाका पातहरु पहेँलिन्छन् र सुक्न थाल्दछन् । आक्रमण बढी भएमा पात डाँठ साथै लहरामा पाउडर छरे जस्तो देखिन्छ । यसको रोकथाम गर्ने घरेलु उपचार विधि जस्तै गाई भैंसीको गहूँत १ भाग र १० भाग पानी मिसाई ४-५ दिनको फरकमा छर्ने, बढी नै आक्रमण भएको खण्डमा क्याराथेन ०.५ प्रतिशत अथवा सर्भो तेल १० मि.लि. प्रति लिटर पानीमा मिसाई छर्नु पर्दछ ।

**१३. मौसम अनुसार सिचाई तथा निकासको व्यवस्था कस्तो हुन जरुरी छ ?**

-सुख्खा याममा सिचाई र वर्षायाममा बढी भएको पानीको निकास दुई ड्याङ्गको वीचमा बनाएको कुलेसोबाट गरिन्छ । गर्मी मौसममा ३-५ दिनको अन्तर र जाडो मौसममा १०-१५ दिनको अन्तरमा सिचाई गर्नु पर्दछ ।

**१४. करेला बालीमा रोपाई पछिको हेरचाह कसरी गर्ने ?**

-करेलाको बेर्ना सार्ने बितिकै हजारीले हलका सिचाई दिनु पर्दछ । बेर्ना सरेपछि सिचाई गर्दा कुलेसोमा मात्र पानी दिनु पर्दछ । लहरा छुट्न थालेपछि बोटको वरिपरिअलिकति हलका माटो चढाई दिनु पर्छ । करेलालाई थाक्रा दिनु पर्छ । थाक्रा दिंदा जमिनबाट ५/७ फिट माथि मचान जस्तो बनाई लहरा दायाँ बायाँ फैलिन दिनाले फल धेरै लाग्छ र फल टिप्न सजिलो हुन्छ । बिना थाक्रा पराल वा घाँसको छापो प्रयोग गरेर पनि बढी उत्पादन दिएको पाइएको छ ।

**१५. करेला बालीलाई सूक्ष्मतत्वको कति आवश्यकता पर्दछ ?**

-तीते करेलामा बिभिन्न सूक्ष्मतत्व खास गरेर क्याल्सियमको कमि देखा पर्दछ। मल्टिप्लेक्स वा एग्रोमिन ३ मि.लि. प्रतिलिटर पानीका दरले मिसाई छर्दा राम्रो उत्पादन भएको पाईएको छ । फूल फुल्ने र चिचिला लाग्ने बेलामा मिराकुलान वा हिटकुलान १ मि.लि.प्रतिलिटर पानीका दरले १५(१५ दिनको फरकमा बाली नसकुन्जेल छर्कनु परेदछ ।

**१६. करेलाको बेर्ना कति दुरीमा रोपिन्छ ?**

-सुख्खायाममा एक हारबाट अर्को हारको दुरी २०० से.मी.र बोटबाट बोटको दुरी १०० से.मी. र वर्षायाममा एक हारबाट अर्को हारको दुरी २०० से.मी.र बोटबाट बोटको दुरी २०० से.मी.हुने गरी तयार गरिएको खाड्लमा जरा नखलबलिने गरी प्लाष्टिक हटाई माटोको ढिक्का सहितको बेर्ना खाड्लमा रोप्नु पर्दछ । बर्षातमा गरिने खेतीमा सोझै बीउ रोपिन्छ ।

**१७. व्यावसायिक करेला खेती गर्दा मलखादको ब्यवस्थापन कसरी गरिन्छ ?**

-एक रोपनी क्षेत्रफलको लागि ७५०-१००० के.जी. गोबरमल, ५ के.जी. यूरिया, ४ के.जी. डि.ए.पी. र २ के.जी. म्यूरेट अफ पोटासको आवश्यकता पर्दछ । बेर्ना सारेको २५ देखि ३० दिनपछि र फूल फुल्न शुरु भएपछि बोटको वरिपरि औँठी आकारमा प्रति बोट ५ ग्राम(करिब २९२.५ चिया चम्चा) यूरिया मल २ पटक टपड्रेस गर्नु पर्दछ ।

**१८. प्लाष्टिक ब्यागमा पनि करेलाको बीउ उमारिन्छ, किन होला ?**

-तीते करेलाको छिटो उत्पादन लिनका लागि प्लाष्टिक थैलामा स्वस्थ बेर्ना उत्पादन गरी खेत बारीमा सारिन्छ ।

**१९. करेला रोप्ने जमीन कसरी तयार गरिन्छ ?**

-जमिनलाई २(३ पटक राम्ररी खनजोत गरी माटो खुकुलो तथा बुरबुराउँदो बनाई २.५ मिटर चौडा ड्याङ्ग र दुई ड्याङ्गको बीचमा सिंचाई गर्न, बढी भएको पानी निकासी गर्न र हिलडुल गर्न ५० से.मि. चौडा र १५ से.मि. गहिरो कुलेसो बनाउनु पर्दछ ।



**२०. करेला बालीको लागि प्रति रोपनी कति बीउ र बेर्ना आवश्यक हुन्छ ?**

-एक रोपनीको लागि करेलाको ५०९७५ ग्राम बीउ वा प्लाष्टिक थैलामा उमारेका ३०० बेर्ना (खाली ठाउँ भर्न समेत) को आवश्यकता पर्दछ ।

**२१. करेला बाली लगाउने र बाली लिने समय के हुन सक्छ ?**

-जात, स्थानीय हावापानी र प्रविधि अनुसार लगाउने र बाली लिने समय फरक हुन सक्छ । नेपालको भिन्न हावापानीका क्षेत्रहरूमा ल्पाष्टिक घर वा बाहिर भदौ देखि जेठसम्म बीउ रोप्ने वा सार्ने गरेर मौसमी र बेमौसमी बाली लिन सकिन्छ ।

**२२. नेपालमा खेती गरिने हरियो करेला जातको विशेषता के हो ?**

-यो बेर्ना सारेको ४०(४५ दिनमा उत्पादन लिन सकिने अगौटे जात हो । यसको फल २०९२५ से.मि. लामो, पहिले हरियो र पाकेपछि पहेंलो हुन्छ । यो २०५१ सालमा उन्मोचित तराई, मध्य पहाड र उच्च पहाडको लागि सिफारिश गरिएको जात हो । यसको पुरानो नाम पुसा दोमौसमी हो ।

**२३. नेपालमा खेती गरिने करेलाका प्रचलित जातहरु कुन कुन हुन् ?**

-नेपालमा खेती गरिने जातहरु मध्ये कोयम्बटोर लङ्ग, हरियो करेला सबैभन्दा प्रचलित जात हुन् । पञ्जिकृत गरिएका बर्णशङ्कर जातहरुमा पाली, एन.एस. ४३३,चन्द्र, लक्ष्मी ५५५, पीपल, शिव, गंगा, हीरा, सेती ४४४, कोमल, समृद्धि, एन.एस. ४३४, चमन प्रचलित छन्।

**२४. करेलालाई कस्तो किसिमको माटो उपयुक्त हुन्छ ?**

-प्राङ्गारिक पदार्थ प्रशस्त (५ प्रतिशत भन्दाबढी) र पि.एच. मान ६.५(७.०, पानीको निकास राम्रो भएको बलौटे, दोमट माटोमा करेला खेती राम्रो हुन्छ ।

**२५. यो बाली कस्तो किसिमको हावापानीमा राम्रो फस्टाउँछ ?**

-तीते करेला गर्मी तथा न्यानो मौसमको बाली भएकाले तुषारो खप्न सक्दैन । तराईदेखि १५०० मिटर उचाई र २० देखि ३५ डिग्री सेन्टिग्रेड तापक्रम भएको क्षेत्र बढी उपयुक्त हुन्छ। सरदर २५डिग्री सेन्टिग्रेड देखि ३५ डिग्री सेन्टिग्रेडको तापक्रम बोटको वृद्धि तथा फल लाग्नको लागि उपयुक्त हुन्छ । १२ डिग्री सेन्टिग्रेड भन्दा कम तापक्रम भएमा बीउ उम्रदैन र बोटको वृद्धि पनि राम्रो हुँदैन । ३८ डिग्री सेन्टिग्रेड भन्दा माथिको तापक्रममा फल लाग्दैन ।

**२६. तीते करेला कुन तरकारी बाली समूह अन्तर्गत पर्दछ ?**

-तीते करेला लहरे बाली समूह वा फर्सी बाली समूहको तरकारी हो ।

## जब बुद्धिचाल....

रोबोटले उनको औंला पक्रिएको हो । उनका अनुसार उक्त रोबोटले यसअघि पनि कैयन् स्पर्धाहरुमा सहभागिता जनाइसकेको छ, तर यस्तो घटना पहिलोपटक भएको हो । सो रोबोटलाई मस्को बुद्धिचाल महासंघले भाडामा लिएको र यसअघि बुद्धिचालका धेरैजना च्याम्पियनहरुसँग उसले खेलिसकेको लाभारेज बताउँछन् । जुलाई १३ देखि २१ सम्म मस्कोमा भएको मस्को चेस ओपन नामक अन्तराष्ट्रिय बुद्धिचाल प्रतियोगितामा उक्त घटना भएको हो । रोबोटले गरेको आक्रमणका घटनाप्रति आफूहरु जिम्मेवार नरहेको पनि उनले दाबी गरेका छन् । उता रोबोटको आक्रमणबाट घाइते भएका बालकले भोलिपल्ट पुनः प्रतियोगितामा भाग लिए । उक्त घटनाप्रति सोसल मिडियामा विभिन्न खालका प्रतिक्रिया आएका छन् । एकजनाले भनेका छन् : यो रोबोटलाई पनि पुटिनलाई जस्तै प्रोग्राम गरिएको जस्तो लाग्दछ । पहिलो विरोधीहरुको औंला भाँचिदेऊ, त्यसपछि बच्चालाई नै जिम्मेवार ठहराइदेऊ ।

## नेवारी...

लाखे नाचलाई शान्ति भैरवको रुपमा लिइने अध्यक्ष शाक्यले बताए । लाखे नाच देख्दा डरलाग्दो मुकुण्डो, लामो कपाल लगाएर नाचिने तथा प्रदर्शन गरिने भएता पनि नेवा समुदायका बालबालिकाको संरक्षण गर्ने उद्देश्यले प्रदर्शन गरिदै आएको अध्यक्ष शाक्यको भनाई छ ।

## कृषि...

एउटा समुहमा २५ जनाका दरले किसानहरु सहभागी हुने बताए । आपूर्ति शृंखलामा संलग्न साना किसानहरु, संकलक तथा प्रशोधनकर्ता, उद्यमीहरु, कम्तीमा ३० प्रतिशत युवा एवं दलित जनजाती लगायत पिछडिएका वर्गलाई लक्षित गरिएको छ । उक्त कार्यक्रमबाट प्रत्येक्ष रुपमा १०० र अप्रत्यक्ष रुपमा ५०० भन्दा बढी कृषक लाभान्वित बैंकले जनाएको छ । स्वर्गद्वारी नगरपालिका मेयर टेक प्रसाद भण्डारीको प्रमुख आथित्यतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत तुल्सिराम गैरे तथा स्वर्गद्वारी नगरपालिका वडा न ४ का वडा अध्यक्ष सुवर्णमान श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

कार्यक्रममा बोल्दै स्वर्गद्वारी नगरपालिका मेयर टेक प्रसाद भण्डारीले कृषि बिकास बैकले बिगत ५५ बर्ष देखि कृषकको हितमा काम गर्दै आएको कुरालाई स्मरण गर्दै यस्ता कार्यक्रमले आगामी दिनहरुमा पनि थप महिला शशक्तिकरणमा सहयोग पुग्ने हुँदा निकै महत्वको साथ कक्षा लिन अनुरोध समेत गरेका छन् । आपूर्ति र मुल्य शृङ्खलाबारे जानकारी दिँदै कार्यक्रमले कृषकहरुको वित्तीय तथा व्यवसायिक ज्ञानमा वृद्धि भइ जीवनस्तरमा परिवर्तन भए मात्र कार्यक्रमको औचित्य रहने साथै कृषि विकास बैंकको किसान क्रेडिट काड र किसान एपको महत्व बारे सो बैंकका कार्यक्रम सुपरभाइजर नोमराज पौडेलले जानकारी दिए । सहकारी अध्यक्ष जीवा रावल क्षेत्रीले आफुहरु कृषि विकास बैंकको सेवा प्रति निकै खुसी रहेको बताउदै बैंकसँग आगामी दिनमा थप साझेदारी मार्फत कृषकको हितमा काम गर्न इच्छुक रहेको बताए ।

## वर्डलिंकको अप्टिकल फाइबरमा अज्ञात व्यक्तिद्वारा क्षति

**झुलेनी पोष्ट**
**प्यूठान**

इन्टरनेट सेवा प्रदायक कम्पनी वर्डलिंक कम्यूनिकेसन्स लिमिटेड जिल्ला शाखा प्यूठानले बिच्छाइएको तार (अप्टिकल फाइबर) पटक-पटक काटिदै आएको छ । सेवा विस्तारको लागि प्यूठान नगरपालिका ७ र मल्लरानी ४ जोड्ने सारिवाङ फोलुङ्गे पुल क्षेत्रमा पटक-पटक तार काटिएको शाखा प्रमुख खगेन्द्र कुस्मीले बताए । श्रावण १ गते राती करिब १० बजे तार काटिएपछि सेवा प्रवाहमा समस्या आइरहेको वर्डलिंक प्यूठान शाखाले जनाएको छ । प्यूठानको खलंगामा वितरण बाकस तोडफोड समेत गरिएको प्रमुख कुस्मीले बताए । तार काट्नमा संलग्न व्यक्तिको पहिचान गरि आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय विजुवारमा उजुरी दिएको शाखा प्रमुख कुस्मीले जानकारी दिए ।

## जाँगर...

गराएको पोखेलले बताइन् । उनले एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयबाट समेत ८० हजार रुपैया रकम अनुदान पाइकी छन् । अनुदान पाएपछि उनमा उर्जा थपीएको छ । सपनाले च्याउको सीजनमा ६ महिनाको लागि १ जना कामदार समेत राख्ने गर्दछिन् । 'हात गोडामा एलर्जी आउँछ,' उनले भनिन् 'त्यसैले १ जनालाई दैनिक ५ सय ज्यालामा ६ महिनाको लागि पराल काट्न कामदार राख्ने गरेकी छु ।' च्याउ खेतिमा मात्र होइन उनले महिला जागरण बहुउदेश्य सहकारी संस्था खलंगामा दैनिक बचत उठाउने जागिर समेत गर्दै आइरहेकी छिन । एसएलसीसम्म पढाई पूरा गरेकी उनले यो काम पनि राम्रोसंग सम्पादन गर्दै आएकी छन् ।

## जिल्लामा साउन १५ मा करिब १० हजार लिटर दुध बिक्री

**झुलेनी पोष्ट**
**प्यूठान**

प्यूठानमा आइतबार करिब १० हजार लिटर दुध बिक्री भएको छ । दुध संकलन तथा बिक्री केन्द्रका अनुसार जिल्लाका विभिन्न बजार क्षेत्रका डेरिहरुबाट प्रतिलिटर ९० का दरले करिब १० हजार लिटर दुध बिक्री भएको हो ।

साउन १५ गते खिर खाने दिन, परम्परागत तथा चलनचल्ती अनुसार जिल्लामा पनि खिर खाएर साउन १५ मनाइएको छ । विशेष गरि खिर खाने दिन भएकाले अन्य दिनको तुलनामा हिजो विजुवार, जुर्मी, क्वाडी, बाग्दुला लगाएत जिल्लाका मुख्य बजार क्षेत्रका डेरीहरुबाट करिब १० हजार लिटरको हारहारीमा दुध बिक्री भएको दुध संकलन तथा बिक्री केन्द्रका संचालकहरुले बताए । सोही अनुसार प्यूठान नगरपालिका ४ जुर्मी स्थित किसान डेरीबाट मात्रै आईतबार १ हजार लिटर दुध बिक्री भएको डेरीका संचालक नारायण घिमिरेले बताए ।

जिल्लामा दुधजन्य उत्पादन थोरै मात्रामा भएकाले बाहिरी जिल्लाबाट दुध आयात गरिदै आएको उनको भनाई छ । उनले भने, दाङ, कपिलवस्तु लगाएतका स्थानबाट दुध आयात हुदै आएको छ । उनको डेरिमा दैनिक १सय५० लिटरको हार हारीमा स्थानिय दुध आउने गरेको बताए । त्यस्तै प्यूठान नगरपालिका ४ स्थित विवेन्दु दुध संकलन तथा बिक्री केन्द्र बिजुवार बाट हिजो करिब ५सय लिटर दुध बिक्री भएको दुध बिक्रेता विरबल धामीले बताए । यस्तै जिल्लाका अन्य डेरिहरुबाट करिब १० हजार लिटरको हारहारीमा दुध बिक्री भएको अनुमान गरिएको छ ।

प्यूठान जिल्लाको सन्दर्भमा हेर्दा ग्रामीण क्षेत्रका धेरै जसो किसानहरुले गाई भैसी पालेर दुध उत्पादन गरेता पनि भौगोलिक विकटता, नियमित चल्ने सवारी साधनको अभाव र जिर्ण सडकका कारण बजार क्षेत्रमा ल्याउन सकिएको छैन । स्थानिय निकायले समयमै सडक सुधार गर्ने हो भने दुधजन्य उत्पादन तथा बिक्रीबाट जिल्लालाई आत्मनिर्भर बनाउन सकिने दुध संकलन तथा बिक्री केन्द्रका संचालकहरु बताउछन् ।

## सरुमारानीमा ८० प्रतिशत बजेट खर्च

**झुलेनी पोष्ट**
**प्यूठान**

सरुमारानी गाउँपालिकामा आ.व. २०७८/०७९मा ८० प्रतिशत बजेट खर्च भएको छ । जसअन्तर्गत पुँजिगत खर्चतर्फ ७५ प्रतिशत र ८३ प्रतिशत चालु खर्च भएको पालिकाको प्रमुख प्रशासकीय अधिकृत चिन्तामणि रेग्मीले बताए । रेग्मीले पालिकाले आयोजना गरेको ८० प्रतिशत खर्च भएको तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा जानकारी गराएका हुन । गाउँपालिकाले तेस्रो चौमासिक अवधिमा सम्पन्न गरेका कामकाजको आज सुनुवाई गरेको हो । गाउँपालिकाले प्रत्येक चौमासिकमा गरिएका योजना तथा सेवाको पारदर्शिता सुनिश्चित गर्नका लागि प्रत्येक चौमासिक समयावधिमा सार्वजनिक सुनुवाई गर्दै आइरहेको छ । सार्वजनिक सुनुवाई कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष भ्रग बहादुर विश्वकर्माले सडक, शिक्षा, कृषि र पशुपालनलाई मुख्य प्राथमिकतामा राखेर कामलाई अगाडी बढाउने बताए । आजका कार्यक्रमका सहभागीहरुले गाउँपालिकाको समसामयिक गतिविधि, विकास निर्माण, बजार व्यवस्थापन, सेवा प्रवाह लगायतका बारेमा जिज्ञासा, प्रश्न तथा सुझाव राखेका थिए । गाउँपालिका अध्यक्ष बिकले कार्यक्रममा उठेका सवाल तथा जिज्ञासाको जवाफ दिए थिए ।

त्यस्तै गाउँपालिकाले आ.व.०७७/०७८ को बेरुजु शून्य कायम गर्न गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत चिन्तामणि रेग्मीको अहम भुमिका रहेको भन्दै सम्मान समेत गरेको छ । गाउँपालिका अध्यक्ष भ्रग बहादुर बिश्वकर्मा र उपाध्यक्ष बसन्ता खड्काले दोसल्ला र प्रशंसा पत्रले प्रमुख प्रशासकिय अधिकृत रेग्मीलाई सम्मान गरेका हुन् । गाउँपालिकाको आयोजना तथा युथ मिडिया प्रालि प्यूठानको सहजिकरणमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।


## गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

**औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्दछ ।**

**यसबाट बच्न,**

१) झुल लगाएर सुत्ने,
२) पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
३) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
४) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
५) घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
६) ढल, नाला खुल्ला नराख्ने,
७) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
८) सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
९) मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

**नेपाल सरकार विज्ञापन बोर्ड**



## गाउँपालिकाबासीलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।
२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।
३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।
४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं ।
५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।
६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।
७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।
८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।
९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।
१०) बाल बिवाह रोकौं, छोरीको उज्वल भविष्यको लागि आजैदेखि सोचौं ।
११) लैङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवं अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरिने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

**अनुरोधक**
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान


**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : भिजन अफसेट प्रेस जसपुर, प्यूठान